## अध्याय-एक

## परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

अहिले विश्वभरी कोरोना भाइरस संक्रमण र त्यसबाट हुने रोग कोभिड-१९ को त्रास छ । विश्वका अधिकांश देशमा मान्छेका गतिविधिहरु अत्यावश्यक काममा मात्रै सिमित भएका छन् ।उक्त भाइरस फैलिन नपाओस् भनेर अवलम्बन गरिएको उपाय स्वरूप अधिकांश विद्यालयहरु, क्याम्पसहरु, विश्वविध्यालयहरु, व्यापार, व्यवसाय, उद्योग, धन्दा, ज्याला, मजदुरी प्राय बन्दबंदीको अवस्थाबाट गुज्रिरहेको अवस्था छ । जसले गर्दा मानिहरुको शारीरिक, मानसिक, सामाजिक, आर्थिक समस्याहरुको कारणले  गर्दा मानिसहरुमा नराम्रो प्रभाव परेको छ ।

अनुवांशिक संरचनामा आरएनए(RNA)भाइरस अर्थात् विषाणुको एउटा समुहलाई वैज्ञानिकहरुले कोरोना भाइरस (Corona Viruse)नामाकरण गरे । भाइरसको वाह्य रुपकृत अर्थात् श्रीपेच जस्तै भएकाले अंग्रेजीमा उक्त नाम दिइयो । उक्त भाइरस बैज्ञानिक नाम सार्स-कोभ-२(Sars-cov-4)हो । संक्रमणबाट हुने रोगलाइ कोभिड-१९ (Covid-19)भनिन्छ । संक्रमणबाट यसको प्रकोप पहिलो पटक चीनको वुहान, हुवेइमा डिसेम्बर २०१९ मा देखियो । संक्रमण देखिएको उक्त भाइरस केहि महिनामै विश्वभरि फैलियो ।

११ मार्च २०२० मा विश्व स्वास्थ्य संगठन (WHO) द्वारा विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ । वर्ल्डोमिटर्स डट इन्फोको तथ्यांक अनुसार हाल सम्ममा कोभि-१९ बाट संक्रमित यो शोधपत्र तयारपार्दासम्म विश्वमा १२ करोड बढि १२०,८४५,८८१),कुल मृत्यु २६,७४०८६ जना र निको हुनेको संख्या९,७४,७६,६५९ जना रहेको छ ।नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालयको तथ्यांक अनुसार नेपालमा जम्मा संक्रमित २,७५,३१० र मृत्यु ३०१४ तथा निको हुनेको संख्या २,७१,४९५ रहेको छ । जसमा २२,९०,१२० जनाको जम्मा पिसीआर परिक्षण गरिएको छ । महामारीको रुपमा फैलिएको कोरोना भाइरस विश्वलगायत नेपालमा पनि फैलिनेक्रम जारि छ भने यसको प्रभाव कहिले सम्म रहने, कति जनसंख्या प्रभावित हुने, कतिले ज्यान गुमाउनु पर्ने, रोग नियन्त्रणकालागि स्थाई उपचार विधि कहिले पत्ता लाग्ने, कुनै ठोस आंकलन अहिले सम्म भएको छैन । स्वास्थ्य क्षेत्रमा अव्वल राख्ने विकसित पश्चिमी मुलुकहरुले समेत

लकडाउनको सामना गर्नु पर्यो । हालसम्म यस रोगको नियन्त्रण अर्थात रोकथामकालागि समाधानका रुपमा लकडाउन, सामाजिक दुरी, मास्कको उचित प्रयोग, सेनीटाईजर र पटकपटक साबुन पानीले हात धुनु नै रहेको छ । विश्व मानव इतिहासलाइ हेर्ने हो भने विगतका महामारी जस्तै, एन्टोनाइट प्लेग, स्पेनिस फ्लु आदि ठुला-ठुला महामारीले विश्वको अरवौं मानिसहरुलाई मृत्युको मुखमा पुर्याएर ज्यान लिए ।यस बाट नेपाल पनि अछुतो रहन सकेको छैन तर पनि ति ठुला ठुला महामारीले अहिलेको कोभिड-१९ जस्तो लकडाउनको सामना गर्न परेको थिएन । यहाँ मानिसहरु रोगले भन्दा पनि भोकले, सोकले मर्न थालेका छन् । संयुक्त राष्ट्रसंघले कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण विश्वभर लाखौं बालबालिका जोखिममा रहेको बताएको छ । राष्ट्रसंघको बालबालिका कोष युनिसेफका अनुसार १ वर्षमा बच्न सकिने रोग को कारण मृत्यु हुने ५ वर्ष भन्दा मुनिका बालबालिका संख्या अहिले ५२ लाख छ । यद्यपी राष्ट्रसंघले गरेको सर्वेक्षणले अधिकांश मुलुकमा कोभिड-१९ महामारीको कारण बालबालिका तथा मातृत्व कार्यक्रम, खोप तथा कुपोषण नियन्त्रण कार्यक्रम पनि रोकिएका छन् ।

कोरोनाको महामारीले सबैलाई नराम्रोसंग प्रभाव पारेको छ । युवा, बालक, वृद्ध-वृद्धा, दैनिक ज्यालामजदुरी गर्ने मानिस तथा गर्भवती महिला सबै प्रभावित भएका छन् । रोजगारी गुमाएका युवावर्ग विद्यालय जान नपाएर घरमै थुनिएका बालबालिका, मुटु रोग, उच्च रक्तचाप, दम, मधुमेह भएका, दिर्घरोगी भएका वृद्ध-वृद्धा ज्याला मजदुरी गरि दैनिक छांक टार्ने आर्थिक समस्यामा परेका व्यक्ति, अहिले विसम परिस्थितिले त्रसित गर्भवती महिलाहरुमा पनि प्रभाव परेको छ । केहि वर्ष यता नेपालमा मृत्यु दर कम हुदै गएको थियो । तर कोरोना महामारीले पुनः मृत्युदर बढाउदै गएको छ । लकडाउनपछि गरिएको अध्ययन अनुसार हाल ६० प्रतिशत गर्भवती महिलाले मात्रै आफ्नो नियमित स्वाथ्य जांच गराउने गरेका छन् । अन्य ४० प्रतिशत महिला सुत्केरी हुन मात्र अस्पताल जाने गरेको पाइएको छ । नेपाल सरकारले अस्पतालमा सुत्केरी गराए वापत सुत्केरी महिलालाइ भौगोलिक क्षेत्र अनुसार हिमालमा १५ सय, पहाडमा १ हजार र तराइमा ५ सय रुपैया प्रोत्साहन भत्ता दिदै आएको छ । तर कोरोनको महामारीसंगै अस्पतालमा सुत्केरी गराउने महिलाको संख्या कम हुदै गएको छ । हाल हरेक जिल्लामा गर्भवती महिलाको मृत्यु हुने दर पनि ह्वात्तै बढेको छ । पछिल्लो कोभिड-१९ को समयमा बारा जिल्लामा दुइ महिना भित्र सात जना सुत्केरी महिलाले ज्यान गुमाएका छन् ।  ति मध्ये ५ जनाको घरमै र एक जनाको अस्पताल लैजाने

क्रममा र एकको अस्पताल पुर्याएपछी मृत्यु भएको थियो । कोरोनाको महामारीपछी लकडाउन र संक्रमणको डरका कारण नियमित चेकजांचकालागि अस्पताल जाने गर्भवती महिलाको संख्यामा उल्लेख्य कमी आएको छ ।

जसले गर्दा उनीहरुको स्वास्थ्यमा नकारात्मक असर परेको छ । महामारीपछि आय खस्किदा उनीहरुको पौष्टिक आहारमा पनि प्रभाव परेको छ ।आफु सुरक्षित रुपमा बसेपनि अस्पताल जाँदा अरुबाट आफुमा सर्न सक्ने डरले स्वास्थ्य संस्था नजाने गर्भवती महिलाको संख्या ठुलो छ । अस्पताल गएपनि स्वास्थ्यकर्मीले कोरोनाका कारण त्यति राम्रो हेरचाह नगर्ने गुनासो बढ्न थालेको छ । त्यसमाथि कोरोना महामारीले केहि महिला मानसिक रोगको सिकार समेत भएका छन् । जसको असर गर्भमा रहेको शिशुमा समेत पर्न सक्छ । यसरी कोरोनाको महामारीले बिशेष गरि ज्यालामजदुरी गरि खाने वर्गका गर्भवती महिलाको अवस्था थप दयनीय बनेको छ । नेपालमा कोरोना भाइरसका कारण पहिलो मृत्यु हुनेमा सिन्धुपाल्चोककि ३४ वर्षिया सुत्केरी महिला थिइन् । स्वास-प्रस्वास सम्बन्धि समस्या देखिएपछी धुलिखेल अस्पताल भर्ना गरिएकी उनको ४ ज्येष्ठमा कोभिड संक्रमणका कारण ज्यान गएको थियो । लकडाउन सुरु भएपछि हालसम्म ७३ जना गर्भवती तथा सुत्केरीको मृत्यु भएको छ । जसमध्ये नौ जनामा संक्रमणको शंका गरिएको मातृ तथा नवजात शिशु शाखाको तथ्यांकले देखाएको छ । परिवार कल्याण महाशाखा अन्तर्गतको मातृ तथा नवजात शिशु शाखा ११ चैत्र देखि श्रावण मसान्त सम्मको तथ्यांक अनुसार ८५ जना सुत्केरी तथा गर्भवतीले ज्यान गुमाएका छन् । जसमध्ये १२ जनाको सम्पूर्ण विवरण महाशाखासंग छैन । महाशाखा प्रमुख पुण्य पौडलका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा यो वर्षको मृत्यु दोब्बर भन्दा बढी हो । महाशाखाले निकालेको तथ्यांक अनुसार अघिल्लो आर्थिक वर्षमा ( चैत्र देखि श्रावण सम्म) नेपालभरिमा जम्मा ३२ सुत्केरी तथा गर्भवतीको ज्यान गएको थियो । यो वर्ष ज्यान गुमाउनेको संख्या ७३ पुगेको छ । महामारीको समयमा कोभिडको जोखिमसंगै लकडाउन हुनु, स्वास्थ्य संस्थासम्म पुग्ने साधन नहुनु, सुविधायुक्त अस्पतालहरु बन्द गरिनु मृत्यु दर बढ्ने कारणहरु हुन् । संक्रमणको डरको कारण नियमित स्वास्थ्य परिक्षणबाट बन्चित हुनु र समयमै स्वास्थ्य सेवा नपाउने सुत्केरी तथा गर्भवतीले ज्यान गुमाईरहेका छन् ।

हाम्रो समाजमा कोभिड-१९ ले गरेको प्रभाव र समस्याहरुबाट कसरी आफु, परिवार र समाजलाई सुरक्षित राख्न सकिन्छ तथा समुदायका मानिसहरुको ज्ञान, धारणा र

व्यवहारमा परिवर्तन ल्याउने उदेश्ले अध्ययन गरि वास्तविक स्वास्थ्य आवश्यक्ता पत्ता लगाई प्रत्यक्ष जनसहभागितामा अन्तर्वार्ता कार्यक्रम संचालन गरि स्वास्थ्य व्यवहार परिवर्तन गर्न केहि मात्रामा भए पनि सहयोग पुर्याउने उदेश्यका साथ प्रदेश नं १ सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका वडा नं १६ को वृद्ध-वृद्धा, ज्याला मजदुरी गर्ने मानिस र गर्भवती महिलाको स्वास्थ्य अवस्थामा आधारित रहेर यो शोधपत्र तयार गरियो ।

## १.२ समस्याको कथन (Statement of the Problem)

यस कोरोना महामारीबाट बढी पीडित हुनेहरुमा ज्यालादारी, श्रमिक, वृद्ध-वृद्धा, गर्भवती महिला वर्ग, बालबालिका तथा साना व्यवसायी नै हुन् । वृद्ध-वृद्धामा प्रतिरोध क्षमता कमजोर हुने तथा उच्च रक्तचाप, मधुमेह, मुटु सम्बन्धि समस्या, दम आदि दिर्घ रोगीहरूमा संक्रमणको उच्च जोखिम हुन्छन् । अर्कोतर्फ लामो समयसम्मको व्यवसायिक गतिरोधले कतिपय व्यवसायिक र श्रमिकमा वेचैनी, परेशानी, सनक र खिन्नता, अस्थिर र दुर्व्यसन जस्ता मानसिक अवस्था पैदा गर्न सक्छ भने आत्मवल कमजोर हुनेहरु त अझ आत्महत्याको स्थतिसम्म पनि धकेलिन सक्छ । त्यसै गरि लामो समयसम्म शिक्षालय बन्द हुदा विद्यार्थीहरुको बानि बिग्रिने र झगडा गर्ने, नपढ्ने, बरालिने, सामाजिक संजालमा बढी समय बिताउने, मोबाइल, टिभी, इन्टरनेट चलाउने, कुलतमा लाग्ने सम्भावना बढी हुन्छ । त्यसैगरी गर्भवती महिलाको स्वास्थ्य परिक्षण र पोषण प्रभावित भएका छन् । यसो हुनु पछाडी विविध कारणहरु जस्तै अशिक्षा, गरिवी, डर, त्रास, जनचेतनाको कमि, भौगोलिक विकटता सुबिधाको कमि जस्ता स्वास्थ्य सेवा सर्वसुलभ रुपमा नपाउनु असुविधाका कारणहरु विद्यमान रहेको पाइन्छ ।

**यो अध्ययनले तल दिएका समस्याहरुको समाधान खोजिएको छ ।**

२.१.१ इटहरी उपमहानगरपालिका वडा नं १६ को ज्याला मजदुरी गर्ने श्रमिक वर्गमा कोभिड-१९ ले के कस्तो प्रभाव पारेको छ ?

२.१.२ कोभिड-१९ ले गर्भवती महिलाको स्वास्थ्य परिक्षण र पोषणमा प्रभाव परेको छ कि छैन?

२.१.३ वृद्ध-वृद्धाको स्वास्थ्य अवस्था, औषधि उपचार तथा परिक्षणको के कस्तो अभ्यास भएका छन् ?

२.१.४ कोभिड-१९ सम्बन्धि समुदायका मानिसहरुमा के कस्तो ज्ञान, धारणा रहेको छ ?

कुनै पनि अध्ययनको आफ्नै उदेश्य रहेका हुन्छन् । इटहरी उपमहानगरपालिका वडा नं १६ को कोभिड-१९ सम्बन्धि गरिने यो अध्ययनले राखेको विशिस्ट उदेश्यहरु निम्न रहेका छन् ।

### १.३ अध्ययनको उदेश्य(Objectives of the Study)

१.३.१ कोभिड-१९ सम्बन्धि समुदायका मानिसहरुका ज्ञान, धारणा र व्यवहार पत्ता लगाउन,

१.३.२ कोभिड-१९ ले समुदायका ज्यालामजदुरी गर्ने श्रमिकहरुको स्वास्थ्य अवस्थामा के कस्तो प्रभाव पारेको छ पत्ता लगाउनु,

१.३.३ दिर्घरोगी, वृद्ध-वृद्धाको स्वास्थ्य अवस्था पत्ता लगाउनु,

१.३.४ गर्भवती महिलाको स्वास्थ्य तथा पोषणको अवस्था पत्ता लगाउनु,

### १.४ अध्ययनको महत्व (Significance of the Study)

हाल कोभिड-१९ महामारीका कारण जनताहरुमा सन्त्रास फैलीरहेकाबेला इटहरी उप मा.न.

पनि अछुतो रहन सकेको छैन ।तसर्थ यो अध्ययन जनस्वास्थ्यको एक सरोकारित स्वास्थ्यमा आधारित भएकाले यसले जनसमुदायमा निकै प्रभावकारी भुमिका खेल्ने छ, भन्ने कुराको मैले अपेक्षा राखेको छु । अतः मेरो यस अध्ययनको महत्व निम्न अनुसार रहयो ।

१.४.१ यो अध्ययनको परिणामबाट समुदायमा कोभिड-१९ सम्बन्धि ज्ञान के-कति छ भन्ने

कुराको मुल्यांकन गर्न सहयोग पुगेको छ ।

१.४.२ समुदायको जनसंख्याको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य अवस्थाको जानकारी पाइयो ।

१.४.३ समुदायको प्रमुख स्वास्थ्य समस्याको पहिचान गरि प्राथमिकीकरण गर्न मद्धत गर्यो ।

१.४.४ यो अध्ययनबाट प्राप्त नतिजा र प्राथमिकीकरण गरिएको समस्याहरुको आधारमा

उपमहानगरपालिका र वडा कार्यालयलाई सामुदायिक कार्यक्रम योजना बनाउन

उपयोगी रहन्छ ।

१.४.५ बिभिन्न एन.जी.ओ. तथा आइ.एन.जी.ओ. हरुलाई जनचेतना मुलक कार्यक्रम संचालन गर्न मद्धत हुन्छ ।

## १.५ अध्ययनका सिमाहरु (Delimitation of the Study)

यस अध्ययनका सिमाहरु यस प्रकार छन् :

१.५.१ यस अध्ययनमा प्रदेश नं १ सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका वडा नं १६, हर्दिया टोललाई मात्र अध्ययनमा सिमित गरियो ।

१.५.२ यस अध्ययनमा इटहरी वडा नं १६ हर्दिया टोलका ज्यालामजदुरी गर्ने श्रमिक, वृद्ध-वृद्धार गर्भवती महिलालाई उत्तरदाताको रुपमा छनोट गरियो ।

१.५.३ यो अध्ययन इटहरी उपमहानगरपालिका वडा नं १६ स्थित स्थानीय ३ सय घरधुरीअन्तर्गत पर्ने ४५ जना ज्यालामजदुरी गर्ने श्रमिक, ४५ जना वृद्ध-वृद्धा र १५ जना गर्भवती महिलालाइ गरि जम्मा १०५जनालाईSimple Random Sampling Methodद्वारा छनोट गरियो ।

१.५.४ यो अध्ययन स्थानीयबासीहरुसंग प्रत्यक्ष कुराकानी अन्तर्वार्ता र स्वास्थ्य अवलोकनबाट प्राप्त जानकारी नतिजाका आधारमा अध्ययनको विश्लेषण गरि निस्कर्ष निकालियो ।

१.५.५ यो वर्णनात्मक तथा विश्लेष्नात्मक अध्ययन विधिमा सिमित गरियो ।

## १.६ मुख्य शब्दहरुको परिभाषा (Definition of Termsused)

**कोभिड-१९(Covid-19):** सार्स-कोभ-२ (Sars-Cov-2) प्रजाति बिषाणुको संक्रमणबाट हुने रोगलाइ कोभिड-१९ (Covid-19)भनिन्छ ।

**महामारी (Epidemic):** जब कुनै रोगको प्रकोप कुनै देश वा समुदायमा केहि समय पहिले भन्दातिव्र गतिमा फैलिने रोगलाई महामारी (Epidemic) भनिन्छ ।

**विश्व महामारी (Pandemic):** कुनै पनि रोग एक ठाउमा सिमित नरही छोटो समयमा अन्य धेरै देश तथा महादेशहरुमा फैलिएको छ भने त्यसलाई विश्व महामारी (Pandemic) भनिन्छ ।

**श्रमिक (Labor):** श्रमिक भन्नाले ज्याला अथवा रोज लिएर अर्काको काम ढुंगा, मुढाको भारि बोक्ने आदि गरिदिने व्यक्ति लाइ श्रमिक भनिन्छ ।

**समुदाय (Community):** कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने अथवा एकताको संगठित सम्बन्ध कायम रहेको तथा साझा उदेश्य प्राप्तिकालागि कार्यरत रहने मानिसहरुको समुह नै समुदाय हो ।

**वृद्ध-वृद्धा (Old-Older):** ७० बर्ष नाघेका रोग प्रतिरोध क्षमता कमजोर भएका तथा संक्रामक रोगहरुको उच्च जोखिममा रहेका समुहलाई वृद्ध-वृद्धा (Old-older)भनिन्छ ।

**मातृ मृत्युदर (Maternal Mortality Rate):** प्रति लाख जन्ममा गर्भवती भएको अवस्था देखि सुत्केरी भएको ४२ दिन भित्र मातृ जटिलताका कारणले मृत्यु हुने आमाहरुको संख्यालाइ मातृ मृत्युदर भनिन्छ ।

**पोषण(Nutrition):** हाम्रो शरीरलाइ स्वास्थ्य तन्दुरुस्त राख्नकालागि दैनिक रुपमा खाइने खाध्य पदार्थहरुको अनुपात मिलाएर उपभोग गरिने बस्तुलाइ नै पोषण (Nutrition)भनिन्छ ।

## अध्याय-दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्यायमा अध्ययनसंग सम्बन्धित सामग्रीहरुको अध्ययन गरेर आवश्यक पर्ने आफ्नो बिषयसंग मिल्ने बिषयबस्तुको छनोट गरिएको छ । यस शोधपत्र कार्यले आगामी पुस्ताकालागी यस विषयसंग सम्बन्धित अध्ययन अनुसन्धान गर्न थप मार्ग निर्देशन गर्ने छ भन्ने अभिप्रायले यस अध्ययनमा भएका समस्या समाधान गर्न ठोस सुझावहरु दिने प्रयास गरिएको छ। यस बिषयको अध्ययनको क्रममा यस क्षेत्रका बिषय बिशेषज्ञद्वारा समय समयमा जानकारीहरु बिभिन्न अप्रकासित थेसीसहरु, जर्नल, पत्रपत्रिका, इन्टरनेट लेखहरु ( ब्लग), अन्य पुस्तकहरुको गहन अध्ययन गरि यस बिषयसंग मिल्ने बिषयबस्तु यहाँ प्रस्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature)

हाल विश्वमा फैलिरहेको कोभिड-१९ चीनको वुहानमा पहिलो पटक अज्ञात भाइरसको रुपमा देखा परेको थियो । ३१ डिसेम्बर २०१९ मा यो रोग बारे पहिलो पटक विश्व स्वास्थ्य संगठन (WHO)मा रिपोर्ट गरियो । सुरुमा यसलाई नोबल कोरोना भाइरस अथवा २०१९ एनसिओभीका नामले सम्बोधन गरिन थालियो । हाल नाम परिमार्जित भएर सिभियर अक्युट रेस्पिरेटोरी सिन्ड्रोम कोरोना भाइरस-२ अर्थात 'सार्स-कोभ-२' राखिएको छ । जसको संक्रमणबाट हुने रोगलाइ कोरोना डिजिज-१९ अर्थात कोभिड-१९ भनिन्छ । कोभिड-१९ रोगलाई (WHO)ले विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकेको अवस्थामा मेरो यो अध्ययन पनि यसै बिषयसंग सम्बन्धित रहेकाले यस अध्ययन महामारी रोगजन्य सिद्धान्तमा आधारिक रहेको छ ।

यो रोग संक्रमित व्यक्तिसंगको प्रत्यक्ष सम्पर्कमा रहदा व्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा नाक वा मुखबाट निस्कने छिटा तथा हावाको माध्यमबाट स्वास-प्रस्वासद्वारा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । जसको अध्ययन महामारी रोगजन्य सिद्धान्तले गर्दछ । कोभीड-१९ रोग पनि एक विश्वव्यापी महामारीको रुपमा देखापरेकाले यो अध्ययन महामारी रोगजन्य सिद्धान्तमा आधारित रहेर अगाडी बढाइने छ । कोभिड-१९ अर्थात सार्स-कोभ-२ एउटा B कोरोना भाइरस हो । जुन आवरणमा बन्द, गैर विभाजित पोजिटिभ सेन्स आरएनए (RNA)भाइरस हो ।कोरोना भाइरसको चार प्रजाति छन् । तिनीहरु अल्फा, बिटा, गामा,

ल्याम्डा हुन् । अल्फा, बिटा प्रजातिले स्तनधारी जीवलाइ संक्रमित पार्छ । गामा र ल्याम्डाले चरालाइ संक्रमित गर्छ । अति संबेदनसिल चार ओटा कोभिड मध्ये अल्फाकोभ र बिटाकोभ (सार्स-कोभ र मर्स-कोभ) ले जटिल संक्रमणको सम्भावना निम्तियाउँछ । सार्स-कोभ-२ जिनोम अनुक्रम ७९.५ प्रतिशत (सार्स-कोभ) संग मिल्दोजुल्दो छ । त्यसैले कोभिड-१९ लाइ सार्स-कोभ-२ वा सार्स Bभाइरसको उपनाम दिएको हो । जसका सर्ने माध्यमहरु एक अर्कामा मिल्दछ ।

गौतम, (२०७७) महामारीको प्रहार अहिले विश्व कोभिडको महामारी बाट आक्रान्त छ ।चिनको वुहानबाट सुरु भएको यो महामारी अहिलेसम्म विश्व का २१५ देश भन्दा बढि देशमा फैलिसकेका छ । अहिलेसम्म कोरोना भाइरस संक्रमणबाट विश्वभरमा १२ लाख भन्दा बढीले ज्यान गुमाई सकेका छन् भने ४ करोड भन्दा बढी संक्रमित भएका छन् । त्यसैगरी नेपालमा लगभग डेढ लाख भन्दा बढि मानिसहरु संक्रमित र लगभ नौ सय भन्दा बढि मानिसले ज्यान गुमाई सकेका छन् । अहिले कोरोना कहर चलिरहेको बेला यसै भन्न सकिन्न कि संक्रमित भई कतिको संख्यामा ज्यान गुमाउने हो । जसले गर्दा नेपाल पनि आक्रान्त बनेको छ । यो आक्रान्त भएको पहिलो घटना भने होइन । इतिहासमा यस्ता महामारी समय-समयमा हुदै आएको देखिन्छ ।

डब्लु क्वी, एस रदरफोर्ड, ए माओ र सी चुङ्ले २०१७ मा विश्व स्वास्थ्य संगठन ( २०११) को तथ्यांकको आधारमा उल्लेख गरे अनुसार इतिहासमाअहिलेसम्ममा पटक-पटक महामारी भएका छन् । यस्ता महामारीमा दादुरा, झाडापखाला, प्लेग, डेंगु, एड्स, इन्फ्लुएजा, सार्स, वेस्ट नाइल रोग छन् । इन्फ्लुएंजा सिर्जित महामारीले सन् १५०० देखि यता करिब १०देखि५० वर्षको अन्तरालमा हरेक शताब्दिमा तिन पटक प्रहार गरेको देखिन्छ । प्रत्येक महामारीले मानव जीवन र समग्र बिकासमा ठुलो क्षति पुर्याएको छ । उदाहरणकालागि १९१८-१९१९ को स्पेनिस फ्लुबाट मात्र महामारीले २० मिलियन वा दुइकरोड मानिस को मृत्यु भएको देखिन्छ । यो महामारी अन्य महामारीहरुमा सबै भन्दा ठुलो भएको विश्व स्वास्थ्य संगठन(WHO)ले उल्लेख गरेको छ । यसबाट महामारीलाई मानव इतिहासमा विभिन रुपमा पटक-पटक आइरहेको सामाजिक घटना को रुपमा बुझ्न सकिन्छ । सामान्यतया एउटै  समयमा कुनै समाज वा देशको पुरा जनसंख्या वा आम जनसंख्यालाई प्रभावित बनाउने रोग नै महामारी हो । विश्व स्वास्थ्य संगठन (WHO)ले इन्फ्लुएंजा महामारीलाई आधार मानि बनाएको परिभाषाले महामारी भन्नाले यस्तो

परिस्थितिलाई जनाउँछ जहाँ कुनै रोग खासगरी कुनै वा केहि मानव समुदायको प्रतिरक्षात्मक क्षमता कमजोर बनाउदै सजिलै एक मानवबाट अर्कोमानवमा सर्छ र तिव्र गतिमा संसारभर फैलिन्छ । तर समाज शास्त्रीय दृष्टिले महामारी सामाजिक रुपमा निर्मित मानविय अन्तरक्रिया कठिनाई सिर्जना हुने परिस्थिति हो ।यो मानविय व्यबहार र क्रियाकलापबाट निर्माण हुन्छ । यस अर्थमा समाज शास्त्रिय हिसाबले कोरोना अर्थात् कोभिड-१९ लाई कसरी बुझ्ने, कस्तो व्यबहार गर्ने र कस्तो प्रतिक्रिया दिने, एवम् कसरी व्यवस्थापन गरिन्छ भन्ने कुरासंग सम्बन्धित रहेकाले र यसले नेपाली समाजमा धेरै सामाजिक प्रभाव पर्ने भएकाले इटहरी उपमहानगरपालिका वडा नं १६ का बासिन्दाहरुमा यसै सेरोफेरोमा रहेर यो अध्ययन गरियो ।

## २.२ संज्ञानात्मक साहित्यको पुनरावलोकन (Review of the Empirical Literature)

पौडेल, (२०७७), नेपालमा कोरोना असर कति ठुलो हुन सक्छ हालसम्मका तथ्य र तथ्यांक हेर्दा स्थिति निकै खराब हुने र सामाजिक समस्या बढ्ने अनुमान गर्न सकिन्छ । देशमा आर्थिक मन्दिबाट सुरु भएको यसको प्रभावले बेरोजगारी र गरिवीको डर बढेर जाने देखिन्छ । गरिवीले भ्रस्टाचार को बाटो पकड्ने, चोरि, लुटपाट, सामाजिक कलह बढ्ने मद्यपान र लागुऔषधको प्रयोग पनि बढ्न सक्छ । खाद्ययन्नको माग र आपूर्तिको सन्तुलन मूल्य वृद्धि हुने देखिन्छ । निजि तवरबाट संचालित व्यवसायमा आर्थिक मन्दीको असर कतिसम्म पुग्ला भनेर अनुमान गार्हो छ । समाजमा मनोरोगिकासाथै अन्य रोगी बढ्न सक्ने भएकाले मानव जनशक्ति र सामाजिक भलाइमा असर पर्न सक्छ । नेपालको अर्थतन्त्र परनिर्भर भएको हुनाले यसको असर वृहत देखि सुक्ष्म अर्थतन्त्र सम्म पर्ने हुदा समस्या अझ केहि वर्ष देखि दशकसम्म पनि रहन सक्छन् । नेपालले अपनाएका सामाजिक समस्या निराकरणका पुर्व सावधानी (सेफ गार्ड) ले समस्याको कुन रुप लिने छ भन्नेमा निर्णायक भूमिका खेलेको छ ।

कोरोना हावाबाट र मानिसबाट पनि मानिसमा सर्ने भएको कारणले गर्दा सर्वप्रथम यात्रामा प्रतिवन्ध लगाइयो । हवाई उद्योग र पर्यटनमा यसको बढी असर पर्यो । विश्व अर्थतन्त्रमा प्रत्यक्ष रुपमा ३ दशमलव ६ र अप्रत्यक्ष रुपमा १० दशमलव ३ प्रतिशत योगदान गर्ने पर्यटन तथा हवाई सेवा व्यापक प्रभावित भएपछी यसको समग्र असर धेरै मानिसका चुलासम्म पुगी सकेको छ । नेपालको जीडीपी (GDP)मा ३ दशमलव ६ प्रतिशत प्रत्यक्ष रुपमा र ९ प्रतिशत अप्रत्यक्ष रुपमा योगदाङ गर्ने यो क्षेत्रका गतिविधि केहि महिना देखि ठप्प छन् । लकडाउन खुलेपछि केहि हदसम्म नेपाली हवाई उद्योगले गति लिएपनि

विश्वव्यापी समस्याले गर्दा सन् २०२० भरि नै पर्यटनमा असर पर्ने देखिन्छ । यसको प्रभाव अन्य क्षेत्रमा पनि पारेको अनुमान लगाउन सकिन्छ ।

लकडाउनसंगै यायातात उद्योग पूर्णतया बन्द छ । होटल, खुद्रा पसल, होलसेल पसल, स्वोरोजगार, अनौपचारिक श्रम, बजार भरिया, ज्यलादारी र निजि तवरबाट संचालित विभिन्न व्यावसायले रास्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा ठुलो योगदान दिइएका छन् । यी क्षेत्र पनि बन्द छ । नेपाल लगायत विश्व बजारमा नै रोजगारी घटेको छ । वैदेशिक रोजगारीका असर नेपाल र नेपाली समाजमा समेत देखिसकेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का अनुसार विश्व श्रम बजारमा हाल ८० प्रतिशत रोजगार कटौती भएको छ । नेपालको जीडीपीमा रेमिट्यान्सको मात्र योगदान २८.५६ प्रतिशन (२०१८) छ भने रास्ट्रिय राजस्वमा ४५ प्रतिशत योगदान छ । यो वर्ष रेमिट्यान्स धेरै कम हुने अनुमान रहेकोले राज्यको आम्दानीमा कमि आउने देखिन्छ । जसले गर्दा हरेक क्षेत्रलाई प्रभावित पारेको देख्न सकिन्छ ।

बालबालिकाकालागि विद्यालयहरु बन्द हुनु कोभिड-१९ को सबभन्दा ठुलो प्रत्यक्ष असर हो । युनेस्कोका अनुसार कोभिड-१९ का कारण १९० देशमा करिब १.६ अर्व विद्यार्थीको शिक्षा प्रभावित भएको छ । यो भनेको विश्वभरका विद्यालय जाने बालबालिकाको ९० प्रतिशत हो भने कोभिड-१९ ले बालबालिका लगायत गर्भवती महिला तथा वृद्ध-वृद्धा पनि प्रभावित भएका छन् । गत बर्ष नेपालमा ८० प्रतिशत गर्भवती महिलाले सुत्केरी अवस्थामा आएका जटिलताका कारण ज्यान गुमाउनु परेको थियो भने हाल चलिरहेको लकडाउन चैत्र ११ गते देखि श्रावण मसान्त सम्ममा ८५ जना सुत्केरी तथा गर्भवती महिलाले ज्यान गुमाइसकेका छन् । ५ महिनाको अवधिमा यति जनाले ज्यान गुमाउनु भनेको गर्त बर्षको तुलनामा दोब्बर भन्दा बढी हो ।

कंडेल, का अनुसारवृद्ध-वृद्धा तथा दिर्घ रोगिहरु पनि कोभिड-१९ को उच्च जोखिममा रहेकाछन् । दिर्घ रोगीहरुमा कोरोना संक्रमण भएकोमा मृत्युदर १० प्रतिशतले देखिएको छ भने ज्येस्ठ नागरिकमा जो असि बर्ष भन्दा माथिका छन् । कोरोना संक्रमणको मृत्युदर १५ प्रतिशत रहेको छ । यसो हुनुमा दिर्घ रोगीहरुले बन्दाबंदीका कारण समयमा औषधि नपाउनु हो । आर्थिक अभावका कारण तथा कतिपय औषधि सिमापारिबाट ल्यानुपर्ने बाध्यताका कारण यति बेला सिमा आवत-जावतमा कडाइ गरेकालेसमस्या देखिएको हो ।

## २.३ साहित्य पुनरावलोकनको उपदेयता (Implication of Review of Literature)

सम्वृद्ध साहित्यको पुनरावलोकनमा आफ्नो अध्ययनसंग सम्बन्धित बिषयको उदेश्य तथा लक्ष्य पुरा गर्नकालागी गरेकी छु । जसका महत्वपूर्ण उपदेयता रहयो ।

२.३.१सम्बन्धित साहित्यको अध्ययनले मेरो अनुसन्धानमा थप ज्ञान प्रतिपादन गर्न आधार प्रदान गर्यो ।

२.३.२ सम्बन्धित साहित्यको पुनरावलोकनले यस अध्ययनका धारणाहरु परिभाषित गर्न र अनुसन्धान प्रश्नहरुलाई सिमित गर्न सहयोग गर्यो ।

२.३.३ सम्बन्धित साहित्यको पुनरावलोकनले पुराना अध्यायहरुको जस्ताको तस्तै दोहोरिने सम्भावना कम रहन्छ ।

२.३.४ यसको अध्ययनले गरिएको अनुसन्धानका निस्कर्षहरुको महत्वलाई विवेचना गर्न महत्वपूर्ण अधार प्रदान गर्यो ।

२.३.५ साहित्यको पुनरावलोकनले अनुसन्धानका कुन विधि सार्थक र उपयोगी हुन्छन् र कुन कम महत्वका छन् भन्ने कुराको जानकारी भयो ।


## २.४ धारणात्मक अवधारणा (Conceptual Framework)

यो अध्ययन इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया टोलका बासिन्दाहरुको स्वास्थ्य अवस्था पत्ता लगाउन तथा कोभिड-१९ ले समुदायका मानिसहरुमा कस्ता-कस्ता समाजिक प्रभाव पारेका छन् र ति समस्याहरुप्रति केन्द्रीय, प्रदेश तथा स्थानीय सरकारद्वारा कस्ता पहलहरु भइरहेका छन् भन्ने कुराको यस अध्ययनले धारणा विकास गरि समस्या समाधानका बाटाहरु खोज्न सहयोग पुग्छ। विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस संक्रमणको प्रभाव नेपाल र नेपाली समाजमा नराम्रोसंग परेको छ । परिक्षणको दायरा बढाएसंगै नेपालमा पछिल्ला केहि महिना देखि संक्रमित हुनेहरुको संख्यामा व्यापक वृद्धि भएको देखिन्छ । कोभिड-१९ मुलतः स्वास्थ्यसंग सम्बन्धित समस्या रहेका कारण यसको प्रभाव संक्रमित र त्यसबाट मृत्यु हुनेहरुका रुपमा अघि आएको भएपनि आर्थिक, समाजिक, शैक्षिक, सांस्कृतिक तथा अन्य बिभिन्न क्षेत्रमा समेत यसको दुरगामी प्रभाव रहेको देखियो ।

नेपालको यो आर्थिक बर्षकालागि वृद्धिदर परिमार्जन गरेर ७ बाट करिव २ वा २ दशमलव २ प्रतिशत कायम गरिएको छ । जसले अर्थतन्त्रमा ह्रास आउने देखिन्छ । पूर्वाधार

आर्थिक श्रोत तथा दक्षताको कमीका कारण प्रयाप्त परिक्षण र उपचार हुन सकेको छैन । आजको २१ औँ शताब्दीमा पनि सम्पूर्ण नेपालीले सन्तुलित भोजन, सरसफाई, औषधी उपचारको ज्ञान पाएका छैनन् । हात धुने साबुन र पानी जोहो गर्न पनि कतिलाई समस्या छ । विवाह, व्रतबन्ध जस्ता समाजिक कार्य र चाडपर्वका बेला मठमन्दिर पूजाआजा दर्शनमा पनि प्रतिवन्ध लगाएका कारण यसले धार्मिक तथा सामाजिक असर परेको देखिन्छ । आफ्नो र आफ्ना जीवनसँग जोडिएको समस्याले हरेकलाई चिन्तित बनाएको र जसको कारण मनोबैज्ञानिक असर समेत पर्न गएको देखिन्छ । हरेक क्षेत्रबाट सोच्ने हो भने जीवन बराबर रुपमा सम्वेदनशील छ, मुल्यवान छ ।महामारीको समयमा हामीले स्वास्थ्यलाइ नै प्राथमितकतामा राख्नु पर्छ किन भने जीवन रहे मात्र सबथोक सम्भव छ ।

**(Conceptual Framework)**




यस अध्ययनले समुदायमा रहेका मानिसहरुको जनजीवनमा आर्थिक, समाजिक, शैक्षिक, सांस्कृतिक, स्वास्थ्य, मनोवैज्ञानिक रुपमा के कसरी प्रभावित भएका छन् भन्ने सम्बन्धि अनुसन्धान गरियो ।

# अध्याय-३

## अध्ययन विधि (Methodology)

### ३.१ अध्ययनको ढांचा (Research Methodology)

प्रदेश नं १ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं १६ अध्ययन गर्ने क्रममा वर्णणात्मक अध्ययन ढांचाको प्रयोग गरिएको छ । विवरणात्मक अध्ययनद्वारा प्राप्त नतिजालाई विस्तृत रुपमा व्याख्याविश्लेषण गरि तथ्यांकलाइ स्पष्ट पारिएकोछ।

### ३.२ अध्ययनको क्षेत्र(Study Area)

कुनै पनि अध्ययनको नतिजा बढी मात्रामा विश्वसनीय एवं वास्तविक हुनुमा त्यसले ठुलो बिशेष भूमिका खेलेको हुन्छ । कोभिड-१९ ले समग्र विश्व तथा नेपालमा प्रभाव पारेको बेला अझ इटहरी उप महानगरपालिका वडा नं १६ मा बढी श्रमिक वर्ग रहेकाले विशेष प्रभावित क्षेत्र वडा नं १६ लाइ नै अध्ययनको क्षेत्रको रुपमा छनोट गरिएको छ।

### ३.३ जनसंख्या तथा नमुना (Population and Sampling)

अध्ययन गर्दा ध्यान पुर्याउनुपर्ने कुराहरु अन्तर्गत स्नाकोत्तर दोश्रो वर्षमा तयार पार्नु पर्ने सोधपत्रमा प्रदेश नं १, इटहरी उपमहानगरपालिका वडा नं १६, हर्दिया मजरा टोलको स्थलगत विशेषता अनुरुप Simple Random Sampling विधि अन्तर्गत गोलाप्रथा द्वारा ३ सय घरधुरी मध्ये ४५ जना श्रमिक वर्ग, ४५ जना वृद्ध-वृद्धा र १५ जना गर्भवती महिला गरि १०५ जनालाई नमुनाको रुपमा छनोट गरि तिनीहरुबाट तथ्यांक संकलन गरियो ।

### ३.४ तथ्यांक संकलनका साधन र प्रविधिहरु(Tools and Techniques)

मैले छनोट गरेको विषय शिर्षकलाई केन्द्रित गरि समस्याको जडसम्म पुग्न प्रत्यक्ष स्वयंको उपस्थितिमा आमने-सामने भइ गहन अन्तर्वार्ता लिईयो ।द्वितीय साधन श्रोतको रुपमा प्रकाशित तथा अप्रकाशित शोधपत्र, जर्नल, कोभिड-१९ सम्बन्धि लेखहरु, समाचार, पत्रिका, रास्ट्रिय तथा अन्तर्राष्ट्रिय वेबसाइट, सरकारी तथा गैर सरकारी संस्थाहरुको डाटा (तथ्यांक) को प्रयोग गरियो ।

## ३.५ तथ्यांक संकलन प्रक्रिया (Data Collection Procedure)

सर्वप्रथम आफ्नो परिचय र उदेश्य अवगत गराई उनीहरुको मन्जुरीमा अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरि विवरण प्राप्त गरिएको छ। उनीहरुको हाउभाउ, स्वास्थ्य व्यबहार प्रत्यक्ष अवलोकनद्वारा अध्ययन गरि तथ्यांक संकलन प्रक्रिया अगाडी बढाइयो ।

## ३.६ तथ्यांकको विश्लेषण र व्याख्या (Analysis and Interpretation)

अध्ययनबाट प्राप्त भएका तथ्यांकलाइ तालिकीकरण गर्ने तथ्यांकलाई सरल रुपमा बुझ्न सक्ने बनाउन तथ्यांक शास्त्रको गणितीय नियमहरु प्रयोग गरि तार्किक व्याख्या एवम् विश्लेषण गरि वृतचित्र, स्तम्भ चित्रको प्रयोग गरि तथ्यांकको विश्लेषण वर्णणात्मक ढाँचामा व्याख्याविश्लेषण गरियो ।

# अध्याय ४


## तथ्यांकको प्रस्तुती, विश्लेषण र विवेचना (Presentation, Enterpretation and Analysis of Data)

यस अध्यनमा प्रदेश नं १ सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलमा रहेका ज्याला मजदुरी गर्ने मानिस, वृद्ध-वृद्धा, गर्भवती महिलाहरुको स्वास्थ्यमा कोभिड-१९ ले कस्तो असर परेको छ भन्ने जानकारी हासिल गर्न यो अध्ययन संचालनमा ल्याएको थियो । यस क्षेत्रमा ४५ जना ज्याला मजदुरी गर्ने मानिस ४५ जना वृद्ध-वृद्धा वा दिर्घ रोगिहरु र १५ जना गर्भवती महिला गरि जम्मा १०५ जनालाई कोभिड-१९ ले स्वास्थ्य अवस्थामा पारेको प्रभावहरुमा मानसिक असरको अवस्था, स्वास्थ्यको अवस्था, आर्थिक अवस्था, गर्भवतीको स्वास्थ्य अवस्था, दीर्घरोगी वृद्ध-वृद्धाको स्वास्थ्य अवस्था, सुरक्षित मातृत्वको अवस्था, कोभिड-१९ त्रासको अवस्था, सन्तुलित भोजन र पोषणको अवस्था, कोभिड-१९ को ज्ञान, धारणा, र व्यवहारको अवस्था, खाने पानीको अवस्था , सामाजिक तथा सांस्कृतिक अवस्था तथा तथ्यांक संकलनको आधारमा प्राप्त भएको जनसांख्यिकी तथा पारिवारिक सम्बन्धि विवरणहरु तथा अवलोकनबाट प्राप्त तथ्यांकहरुलाई यस परिछेदमा विस्तृत रुपमा तल प्रस्तुत गरिएको छ ।

### ४.१ सामाजिक तथा जनसंखिया विवरण (Social and Demography Status)

प्रदेश नम्बर १ इटहरी उपमहानगरपालिका वडा नम्बर १६ हर्दिया मजरा टोल पूर्वाञ्चलको सुन्दर नगरी इटहरीबाट करिब ४ किलोमिटर पश्चिममा हाइवेबाट ५०० मिटरभित्र दक्षिणतर्फ पर्दछ । वास्तवमा भन्ने हो भने यो हर्दिया मजरा टोलमा सरकारी तथा गैरसरकारी संस्थाले सहयोग गरेको भएतापनि कोभिड १९ को स्वास्थ्यसम्बन्धी ज्ञान, धारणा र शिक्षाको कमीले गर्दछ । स्वास्थ्यकर बेबार र अपनाएको पाइन यो टोलमा गरिएको अध्ययनअनुसार १०५घरमध्ये ७० घर चौधरी, ठ ७ घर श्रेष्ठ, १० घर आचार्य, २ घर मगर, २ घर घिमिरे, २ घर ढुंगेल, २ घर भुजेल, २ घर भट्टराई रहेका छन् । जसमध्ये २ सय ७२ जना महिला र १ सय ९४ जना पुरुष रहेका छन्। उक्त समुदायमा हिन्दुधर्म बढी अवलम्बन गरेको पाइयो जसलाई तल को स्तम्भ चित्र मा देखाइएको छ ।


**चित्रनं १सामाजिक तथा जनसंखिया विवरण**




## ४.१.१पारिवारिक विवरण (Family Status)

गुणस्तरीय जीवनका लागि परिवारको आकारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ परिवारका स्वास्थ्य अवस्थाका आर्थिक अवस्था शैक्षिक अवस्था आदि निर्धारक को रुपमा परिवारको सँग संख्याको महत्वपूर्ण हात रहेको हुन्छ, जुन ठाउँबाट परिवार सानो रहन्छ श्वास स्वभावले त्यस ठाउँ मा पोषण स्थिति शैक्षिक अवस्था र जीवनशैली उच्च रहेको पाउन सकिन्छ । इटहरी उपमहानगर पालिका वडा नम्बर १६ हर्दिया टोल पारिवारिक अनुसार एकल परिवार ८० जना र संयुक्त परिवार २५ जना अर्थात् २३.८१% भएको पाइयो ।प्रा प्त नतिजालाई निम्नानुसार तलको तालीकामा देखाइएको छ ।

**चित्रनं२पारिवारिक विवरण**



### ४.१.२ उमेर समुह लिंग अनुसार जनसंख्या विवरण


प्रदेश नं १ सुनसरी जिल्ला को इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलमा बसोबास गर्ने ३०० घर धुरी, ४५ जना ज्याला मजदुरी गर्ने मानिस,४५ जना वृद्ध-वृद्धा र १५ जना गर्भवती महिला गरी १०५ जना घर परिवारका सदस्यहरुलाई उमेर र लिंगका आधारमा कुल जनसंख्यालाई अध्ययन सर्वेक्षण गरि निकालिएको विवरण तलको लालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं १उमेर समुह तथा लिंग अनुसारको  जनसंख्या विवरण**

| उमेर समुह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) |
| ०-४ | २० | ४.२९ | ५० | १०.७२ | ७० | १५.०२ |
| ५-९ | २२ | ४.७२ | ४९ | १०.४६ | ७१ | १५.१६ |
| १०-१४ | २४ | ५.१५ | ३८ | ८.१५ | ६२ | १३.३० |
| १५-१९ | २५ | ५.३६ | ५२ | ११.१५ | ७७ | १६.१५ |
| २०-२४ | २० | ४.२९ | १५ | ३.१२ | ३५ | ७.५१ |
| २५-२९ | १९ | ४.०७ | १६ | ३.४३ | ३५ | ७.५१ |
| ३०-३४ | १७ | ३.६४ | १० | २.१४ | २७ | ५.४३ |
| ३५-३९ | १५ | ३.१२ | ९ | १.९३ | २४ | ५.१५ |
| ४०-४४ | १० | २.१४ | ८ | १.७१ | १८ | ३.८६ |
| ४५-४९ | ८ | १.७१ | ७ | १.५० | १५ | ३.१२ |
| ५०-५४ | ७ | १.५० | ८ | १.७१ | १५ | ३.१२ |
| ५५-५९ | ४ | ०.८५ | ६ | १.२८ | १० | २.७५ |
| ६०+ | ३ | ०.६४ | ४ | ०.८५ | ७ | १.९२ |
| जम्मा | १९४ | ४१.६४ | २७२ | ५८.३६ | ४६६ | १००.०० |

तालिका न. १ अनुसार विश्लेषण गर्दा सबभन्दा बढी जनसंख्या १५-१९ बर्ष उमेर समुहमा पुरुष २५अर्थात५.६६ प्रतिशत र ५२ जना महिला अर्थात् ११.१५ प्रतिशत रहेको पाइयो भने सबै भन्दा कम जनसंख्या ६०भन्दा वर्ष माथि  उमेर समुहमा  पुरुष ३ जना अर्थात ०.६४ प्रतिशत र महिला ४ जना अर्थात् १.८५ प्रतिशत रहेको पाइयो ।

चित्र न. ३उमेर र लिंग अनुसारको बनोट



## ४.२ पेशाको आधारमा जनसंख्याको बनौट

पेशा भन्नाले मानिस आफ्नो गुजारा चलाउनकालागि गरिने कुनै पनि कार्यलाइ जनाउदछ । इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलमा १०५ जनामा अध्ययन गर्दा प्राप्त त्यहाँ का मानिहरुको पेशागत विवरणलाइ तल तालिकामा यस प्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नं २पेशाको आधारमा जनसंख्याको बनौट**

| क्रस | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | नोकरी | ११ | १०.४८ |
| २ | कृषि | ११ | १०.४८ |
| ३ | मजदुरी | ५१ | ४८.५७ |
| ४ | व्यापार | १२ | ११.४२ |
| ५ | अन्य | २० | १९.० |
| जम्मा | | १०५ | १०० |

माथिको तालिका अनुसार विश्लेषण गर्दा नोकरी र कृषिमा ११ जना अर्थात १०.४८ प्रतिशत र मजदुरीमा ५१ जना अर्थात ४८.५७ प्रतिशत,व्यापारमा १२ जना अर्थात ११.४२ प्रतिशत र अन्यमा २० जना अर्थात १९.०५  प्रतिशत रहेको पाईयो जस मध्ये नोकरी र कृषिमा ११ जना मात्र अर्थात १०.४८ र मजदुरीमा ५१ जना अर्थात ५७ प्रतिशत सबभन्दा बढी रहेको पाईयो ।

### ४.२.१आर्थिक अवस्था

नेपालमा रोजगारीका अवसरहरु कम भएकाले मानिसहरुको आर्थिक अवस्थामा पछी परेको देखिन्छ जसले गर्दा अधिकांश नेपालीहरुले वैदेशिक रोजगारको बाटो अपनाएका छन् । आर्थिक अवस्था कमजोर भएपछी मानिसहरुले उचित शिक्षा लिन पाउदैनन्, उपुक्त स्वास्थ जाँच गरुन पाउदैनन्, सन्तुलित भोजन प्राप्त गर्न पाउदैनन्, जुन समुदाय र घरमा आर्थिक अवस्था कम्जोर छ त्यसै घरमा हरेक समस्याहरु आउदछन् जस्तै रोग लाग्ने, कुपोषण हुने आदि ।हर्दिया मजरा टोलमा अध्ययन गर्दा प्राप्त त्यहाँको मानिसहरुले मासिक आम्दानी विवरण तलको तालिकामा यस प्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नं ३मासिक आम्दानी सम्बन्धि विवरण**


| क्रस | आय विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु.५०००/- सम्म | ५ जना | ४.६७ |
| २ | रु.५०००/- रु.७०००/- सम्म | ६५ जना | ६१.९१ |
| ३ | रु.१००००/- भन्दा माथि | ३५ जना | ३३.३३ |
| जम्मा | | १०५ | १०० |

माथिको तालिका अनुसार विश्लेषण गर्दा रु. पाँच हजार सम्म आय आर्जन गर्ने ५ जना अर्थात ४.६७ प्रतिशत, रु. पाँच हजार देखी रु. सात हजार सम्म आय आर्जन गर्ने ६५ जना अर्थात ६१.९१ र रु. दश हजार भन्दा माथि आय आर्जन गर्ने ३५ जना अर्थात ३३.३३ प्रतिशत रहेको पाइयो ।

## ४.२.२ मासिक बचत (Monthly Saving)

मानिसहरू बढी बेरोजगारी भएकाले बिहान बेलुकाको छाक टार्न कठिन हुने र आफ्नो दिनचर्या बिताउन धौ धौ भएको हुनाले मासिक बचत कम गरेको पाईयो  बचत गर्नु भनेको आफुलाई गार्हो परेको बेलामा काम लाग्छ भनि छुट्टयाइएको रकम हो हर्दिया मजरा टोलमा अध्ययन गर्दा २०० मासिक बचत गर्नेमा ५० जना अर्थात् ४७.६२ प्रतिशत, ५०० मासिक बचत गर्नेमा ४० जना अर्थात् ३८.०९ प्रतिशत १००० मासिक बचत गर्नेमा १० जना अर्थात् ९.५२ प्रतिशत र ३००० मासिक बचत गर्नेमा ५ जना अर्थात् ४.७७ प्रतिशत रहेको पाईयो जुन मानिसहरूको प्राप्त मासिक बचत विवरणहरूलाई तलको स्तम्भ चित्रमा देखाईएको छ ।

**चित्रन.४मासिक बचत**




## ४.३ सामाजिक तथा सांस्कृतिक अवस्था

इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया टोलमा गरिएको अध्ययनमा त्यहाँका वासिन्दाहरुले विवाह गर्ने उमेर सम्बन्धि दिएको विवरणलाइ तलको तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं ४विवाह गर्ने उमेर सम्बन्धि विवरण**

| क्रस | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | १५ वर्ष उमेर समुह | ५ | ४.७६ |
| २ | १८ वर्ष उमेर समुह | १० | ९.५२ |
| ३ | २० वर्ष भन्दा माथि | ९० | ८५.७२ |
| जम्मा | | १०५ | १०० |

माथिको तालिका अनुसार विश्लेषण गर्दा १५ वर्ष उमेर समुहका ५ जना अर्थात ४.७६ प्रतिशत, १८ वर्ष उमेर समूहका १० जना अर्थात ९.५२ र २० वर्ष भन्दा माथि उमेर समुहका ९० जना अर्थात ८५.७२ प्रतिशत रहेको पाइयो ।

### ४.३.१शैक्षिक स्तर

अन्धकारको प्रकाश अनि ज्ञानको ज्योति वास्तवमा शिक्षा हो । एक भनाइ अनुसार “शिक्षाले आमाको स्नेह र बाबुको कर्तव्य प्रदान गर्ने गर्दछ। वास्तवमै शिक्षाले ब्यतिलाई अथाह सहयोग गर्दछ जो व्यक्ति सिकाइमा उच्च रहन्छ, त्यसैगरि शिक्षित व्यक्तिको धारणा सकारात्मक र अशिक्षित व्यक्तिको स्वास्थ प्रतिको धारणा र व्यवहारमा नकारात्मकता रहेको पाइन्छ । रास्ट्रिय जन गणना २०६८ अनुसार नेपालका महिला साक्षरता दर ५१.०४ प्रतिशत र पुरुष साक्षरता दर ७२.२४ प्रतिशत रहेको छ । इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलको साक्षरताको अवस्था निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं ५शैक्षिक स्तर विवरण**


| क्रस | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | निरक्षर | १४० जना | ३०.०४ |
| २ | साक्षर | १५२ जना | ३२.६२ |
| ३ | आधारभूत | १३५ जना | २८.९६ |
| ४ | मावि | २० जना | ४.३० |
| ५ | उच्च शिक्षा | १९ जना | ४.०८ |
| जम्मा | | ४६६ | १०० |

माथिको तालिका अनुसार विश्लेषण गर्दा निरक्षर १४० जना अर्थात ३०.०४प्रतिशत, साक्षर १५२ जना अर्थात ३२.६२ प्रतिशत, आधारभूत १३५ जना अर्थात २८.९६ प्रतिशत, मावि २० जना अर्थात ४.३० प्रतिशत र उच्च शिक्षा १९ जना अर्थात ४.०८ प्रतिशत रहेको पाइयो ।

### ४.३.२छोराछोरीको पढाईमा प्रभाव पारेको नपारेको सम्बन्धि विवरण

प्रदेश नं.१ इटहरी उपमहानगरपालिका वार्ड नं.१६ हर्दिया मजरा टोलको बासिन्दाहरूको छोराछोरीको पढाईमा कोविद १९ ले के कति असर पार्यो भन्ने सम्बन्धि अध्ययन गर्दा अलिकति प्रभाव पारेकोमा ५ जना अर्थात ४.७६ प्रतिशत रहेको र धेरै नै प्रभाव पार्यो भन्नेमा १०० जना अर्थात ९५.२४ प्रतिशत रहेको पाईयो जुन प्राप्त विवरणलाई तलको स्तम्भ चित्रमा देखाईएको छ ।

**चित्र नं.५छोराछोरीको पढाईमा प्रभाव पारेको नपारेको सम्बन्धि विवरण**




**४.३.३धर्म सम्बन्धि विवरण**

समुदायमा विभिन्न जातजाति, भाषाभाषीहरु मिलेर बसेका हुन्छन् । तिनीहरुका आ-आफ्नै परम्परा, धर्म, संस्कृति रहेका हुन्छन् । इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया टोलमा धर्म सम्बन्धि सोधिएको प्रश्नको जवाफमा प्राप्त तथ्यांकलाइ तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न ६धर्म सम्बन्धि विवरण**

| क्रस | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १०० जान | ९५.२४ |
| २ | इश्लाम | ० | ० |
| ३ | बौद्ध | ० | ० |
| ४ | क्रिश्चियन | ५ जना | ४.७६ |
| जम्मा | | १०५ | १०० |

माथिको तालिका अनुसार विश्लेषण गर्दा क्रिश्चियन ५ जना अर्थात ४.७६ प्रतिशत र हिन्दु १०० जना अर्थात ९५.२४ प्रतिशत रहेको पाइयो ।

### ४.३.४ समुदायमा मनाइने प्रमुख चाडपर्व सम्बन्धि विवरण

हरेको समुदायमा आफ्नै रितिरिवाज, परम्परा र संस्कार अनुसार बिभिन्न चाडपर्व मनाउने गरेको पाइन्छ । इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलमा गरिएको अध्ययनमा प्रमुख चाडपर्वहरु सम्बन्धि सोधिएको प्रश्नको जवाफमा प्राप्त जानकारीलाइ निम्न अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ७समुदायमा मनाइने प्रमुख चाडपर्व सम्बन्धि विवरण**


| क्रस | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | दशैं | २५ | २३.८२ |
| २ | तिहार | ३० | २८.५७ |
| ३ | माघेसंक्रान्ति | ५ | ४.७६ |
| ४ | होली | १० | ९.५२ |
| ५ | सिरुवा | ३५ | ३३.३३ |
| जम्मा | | १०५ | १०० |

माथिको तालिका अनुसार विश्लेषण गर्दा दशैं मनाउनेमा २५ जना अर्थात २३.८२ प्रतिशत, तिहार ३० जना अर्थात २८.५७ प्रतिशत, माघेसंक्रान्ति ५ जना अर्थात ४.७६ प्रतिशत, होली १० जना अर्थात ९.५२ प्रतिशत र सिरुवा ३५ जना अर्थात् ३३.३३ प्रतिशत रहेको पाइयो ।

### ४.३.५ परिवारको सामाजिक तथा सास्कृतिक अवस्थामा प्रभाव पारेको नपारेको सम्बन्धी विवरण

प्रदेश नं.१ इटहरी उपमहानगरपालिका वडा नं.१६ हर्दिया मजरा टोलको अध्ययन छनोटमा परेकाहरूलाई परिवारमा कोविड १९ ले कुनै सामाजिक वा सास्कृतिक कार्यमा बाधा परेको छ भन्नेमा ७० जना अर्थात ६६.६७ प्रतिशत र छैन भन्नेमा ३५ जना अर्थात ३३.३३ प्रतिशत रहेको पाईयो अत धेरैको विबाह, बर्तबन्ध, सिरुवा  पुजापाठ रोकिएको पाईयो उक्त तथ्यांक विवरणलाई तलको स्तम्भ चित्रमा देखाएको छ ।

**चित्रन ६परिवारको सामाजिक तथा सास्कृतिक अवस्था**




## ४.४ कोभिड १९ सम्बन्धी विवरण

कोरोना भाइरस कोभिड १९ को संक्रमणका कारण विश्वका धेरै मुलुकका प्रभावित भए जसको प्रभाव नेपालमा पनि रह्यो नेपाल र नेपाली जनताको आर्थिक सामाजिक र मनोवैज्ञानिक राष्ट्रिय शैक्षिक आदि क्षेत्रमा छक्का दिन कापी सक्षम भएको छ। आर्थिक तथा सामाजिक विकासको गतिरोध को रूपमा प्रकट भएको यो महामारीको असर सबैभन्दा बढी वृद्धवृद्धा श्रमिक वर्ग महिला गरीब आदिमा प्रभाव परेको देखिन्छ। यो प्रभाव प्रदेश नम्बर १ इटहरी उपमहानगरपालिका वडा नम्बर १६ हर्दिया मजराका बासिन्दाहरूको स्वास्थ्य अवस्थामा पनि परेको देखियो।

### ४.४.१ कोभिड-१९ ले स्वास्थ्य अवस्थामा परेको असर सम्बन्धि विवरण

कोभिड-१९ले पुरै विश्वलाई आक्रान्त परेको अवस्थामा प्रदेश नं १ इटहरीउपमाहानगरपालिका प्रभावित रहेको पाइयो जसमा वडा नं १६ हर्दिया मजराका बासिन्दाहरु को स्वास्थ्य अवस्थामा पनि असर पारेको देखियो जसलाई तलका तालिका मा देखाइएको छ।

**तालिका न. ८ कोभिड-१९ ले स्वास्थ्य अवस्थामा परेको असर सम्बन्धि विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | छ | ८५ | ८०.९५ |
| २ | छैन | २० | १९.०५ |
| ३ | अलिकति | ० | ० |
| जम्मा | | १०५ | १०० |

तालिका नं ३ अनुसार तथ्यांकको विश्लेषण गर्दा कोभिड-१९ ले ८५ जना अर्थात ८०.९५ प्रतिशत मानिसहरुको स्वाथ्यमा असर पारेको देखियो भने २० जना अर्थात १९.०५ प्रतिशत लाई खासै असर पारेको देखिएन ।

### ४.४.२ कोभिड-१९ लेमानसिकस्वास्थ्यमा पारेका असर सम्बन्धि विवरण

प्रदेश नं १, इटहरी उपमाहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलका स्थानीय बासीहरुमा कोभिड-१९ ले मानसिक रुपमा बढीनै असर पारेको देखियो जसलाई तलको तालिकामा उत्तरदाताहरुबाट प्राप्त विवरणलाई तलको तालिकामा देखाएको छ ।

**तालिका नं ९कोभिड-१९ ले मानसिक स्वास्थ्यमा पारेका असर सम्बन्धि विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | असर पारेको | ८५ | ८०.९५ |
| २. | असर नपारेको | २० | १९.०५ |
| **जम्मा** | | **१०५** | **१००** |


तालिका नं ४ अनुसार तथ्यांकको विश्लेषण गर्दा ८५ जनालाई अर्थात ८०.९५ प्रतिशतलाइ असर पारेको देखियो भने २० जना अर्थात १९.०५ प्रतिशतलाइ खासै असर पारेको देखिएन अर्थात सबै भन्दा बढी मानसिक स्वास्थ्यमा असर पारेको देखियो ।

### ४.४.३ कोभिड-१९ को समयमाबाहिर जादा सामाजिक दुरी कायम गरे नगरेक सम्बन्धी विवरण

इटहरी उपमहानगरपालिका वडा नम्बर १६ हर्दिया मजरा बासिन्दाहरु बाहिर जाँदा सामाजिक दूरी काम गरे नगरेको प्रदर्शक दबाबमा सामाजिक दूरी कायम गर्छु भन्ने मा ४५

जना अर्थात ४२.८६ प्रतिशत कहिलेकाहीँ गर्छु भन्ने मा ५५ जना अर्थात ५२.३८ प्रतिशत र गर्दिन भन्नेमा पाँच जना अर्थात् ४.७६ प्रतिशत रहेको पाइयो । उक्त पक्षको अङ्क विश्लेषण गर्दा खासै सामाजिक दुरी  कायम गरेको पाइएन, जसलाई तलको वृत्त चित्र द्वारा प्रस्ट्याइएको छ ।


**चित्र न७कोभिड-१९ को समयमा सामाजिक दुरी कायम गरे नगरेक सम्बन्धी विवरण**




**४.४.४कोभिड-१९रोगको लक्षण थाहा हुने नहुने सम्बन्धी विवरण**

प्रदेशमा एक इटहरी उपमहानगरपालिका वडा नम्बर १६ हर्दिया मजरा अध्ययन छनोटमा परेका बासिन्दाहरुमा कोभिड-१९ को रोगको लक्षण थाहा छ भन्ने मा ५० जना अर्थात द्धठ.६२ प्रतिशत र छैन भन्नेमा १० जना अर्थात ९.५२% अलिअलि यहाँ छ थाहा छ भन्नेमा ४५ जना अर्थात ४२.८६ प्रतिशत रहेको पाइयो ।उक्त प्रकरणलाई पलको स्तम्भ चित्रमा देखाइएको छ ।

**चित्र न८कोभिड-१९रोगको लक्षण थाहा हुने नहुने सम्बन्धी विवरण**




## ४.४.५.कोभिड-१९ ले आर्थिक अवस्थामा प्रभाव परेको नपरेकोसम्बन्धि विवरण

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस संक्रमणको प्रभाव नेपालमा पनि देखियो । धेरै नै आर्थिक संकटहरु जसमा प्रदेश नं १ इटहरी उपमाहानगरपालिका वडा नं १६ का विशेषत स्थानीय ज्याला मजदुरी गर्ने मानिस, साना,मझौला व्यवसाय गर्नेहरुमा आर्थिक संकटले बढी प्रभाव पारेको देखियो । उतरदाताबाट जानकारी तथा विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं १०कोभिड-१९ ले आर्थिक अवस्थामा प्रभाव परेको नपरेको सम्बन्धि विवरण**

| क.सं | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | प्रभाव पारेको | ९९ | ९४.२९ |
| २ | प्रभाव नपारेको | ६ | ५.७१ |
| जम्मा | | १०५ | १०० |

तालिका नं ४ को तथ्यांक विश्लेषण गर्दा ९९ जना वा ९४.२९ प्रतिशतलाई आर्थिक रुपमा प्रभाव पारेको देखियो भने ६ जना अर्थात् ५.७१ प्रतिशतलाइ प्रभाव नपारेको देखियो ।तर सबभन्दा बढी आर्थिक रुपमा प्रभावित भएको देखिया ।.

## ४.४.६. कोभिड-१९को समयमा साबुन पानीले हात धुने पटक सम्बन्धि विवरण

प्रदेश नं १ सुनसरी जिल्ला इटहरी उपमाहानगरपालिका वडा नं १६ हर्दिया मजरा यस अध्ययनको घटनामा परेकाहरुलाई तपाई दिनमा कतिपटक साबुन पानीले हात धुनुहुन्छ भन्ने प्रश्नको जवाफमा निम्न विवरण प्राप्त भएको छ ।जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ११कोभिड-१९ को समयमा  साबुन पानीले हात धुने पटक सम्बन्धि विवरण**

| क.स . | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | २  पटक | ५ | ४.७६ % |
| २ | ३ पटक | ३० | २८.५७ % |
| ३ | पटक-पटक | ७० | ६६.६७ % |
| जम्मा | | १०५ | १०० |

तालिका नं ५ को तथ्यांक विश्लेशन गर्दा पटक-पटक साबुन पानीले हातधुने को संख्या ७० जना अर्थात् ६६.६७ प्रतिशत पाइयो भने २ पटक हात धुनेको  संख्या ५ जना अर्थात् ४.७६ प्रतिशत सब भन्दा कम रहेको पाइयो ।३ पटक साबुनपानीले हातधुने ३० जना अर्थात् २८.५७ प्रतिशत पाईयो ।

**४.४.७.कोभिड-१९ को समयमा घर बाहिर जादा मास्क लगाउने-नलगाउने  सम्बन्धि विवरण**

प्रदेश नं १ इटहरी उपमाहानगरपालिका वडा नं १६ को अध्ययन छनोटमा परेका मानिसहरुलाई घर बाहिर जादा मास्क लगाउनु हुन्छ कि हुन्न भन्ने प्रश्नको जवाफमा निम्न विवरण प्राप्त भएको छ जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं १२कोभिड-१९ को समयमा मास्क लगाउने -नलगाउने सम्बन्धि विवरण**

| क.सं | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | लगाउने | ९० | ८५.७१ % |
| २ | नलगाउने | १५ | १४.२९ % |
| जम्मा | | १०५ | १०० % |

तालिका नं ६ को तथ्यांक विश्लेषण गर्दा ९० जना अर्थात् ८५.७१ प्रतिशतले घर बाहिर जादा मास्कको प्रयोग गर्नुहुन्छ भने १५ जना अर्थात् १४.२९ प्रतिशतले अन्य कारणहरु जस्तै निसासिने , कान दुख्ने, आदि कारणले नलगाइएको पाइयो  ।

### ४.५श्रमिक वर्ग सम्बन्धि विवरण

दैनिक रुपमा रोज लिएर अरुको कम गर्ने वर्ग नै श्रमिक वर्ग हुन् । यस अध्ययनको छनोटमा परेका ४५ जना श्रमिक वर्गहरुको स्वास्थ्य,आर्थिक, मानसिक स्वास्थ्यमा कोभिड-१९ ले के-कस्तो प्रभाव पारेको-नपारेको सम्बन्धि अध्ययनकर्ताले प्रश्न निर्माण गरि उत्तरदाताबाट विवरण प्राप्त गरियो । जसमा श्रमिक वर्गहरुको स्वास्थ्य अबस्थामा प्रभाव पारेका-नपारेको सम्बन्धि प्राप्त विवरणलाइ तल प्रस्तुत गरिएको छ ।

**तालिका नं १३कोभिड-१९ ले श्रमिक वर्गको स्वास्थ्यमा प्रभाव पारेको-नपारेको सम्बन्धि विवरण**

| क.सं | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | असर पारेको | ४४ | ९७.७८ |
| २ | असर नपारेको | १ | २.२२ % |
| जम्मा | | ४५ | १०० |

तालिका नं ७ को तथ्यांक विश्लेषण गर्दा ४४ जना अर्थात् ९७.७८ प्रतिशत को स्वास्थ्य अवस्थामा असर परेको देखियो । १ जना अर्थात् २.२२ प्रतिशत असर परेको देखिएन ।

### ४.५.१ श्रमिक वर्गको मानसिक स्वास्थ्यमा असर परेको नपरेको सम्बन्धि विवरण

कोरोना भाइरस संक्रमण सुरु भए पछि धेरै व्यक्ति, समाज र देशलाई नै मानसिक रुपमा असर पार्यो । जसमा श्रमिक वर्गहरुलाइ पनि मानसिक रुपमा प्रभाब पार्यो । जुन कुरा इटहरी उपमाहानगरपालिका वडा नं १६ श्रमिक वर्गमा पनि देखियो । मानसिक असर सम्बन्धि उत्तरदाताबाट प्राप्त विवरणलाई तल तालिकामा देखिएको छ ।

**तालिका नं १४कोभिड-१९ ले श्रमिक वर्गको मानसिक स्वास्थ्यमा असर पारेको-नपारेको सम्बन्धि विवरण**


| क्रसं | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | परेको | ४३ | ९५.५६ |
| २ | नपरेको | २ | ४.४४ |
| जम्मा | | ४५ | १०० |

माथिको तालिका नं ८ को तथ्यांक विश्लेषण गर्दा ४३ जना अर्थात् ९५.५६ प्रतिशत श्रमिक वर्गको मानसिक स्वास्थ्यमा असर पारेको देखियो। भने २ जना अर्थात् ४.४४ प्रतिशतमा असर परेको देखिएन ।

### ४.५.२ कोभिड-१९ ले ज्याला मजदुरी गर्नेको दैनिक कार्यमा बाधा परेको नपरेको सम्बन्धी विवरण

प्रदेशमा रहेको इटहरी उपमहानगरपालिका वडा नम्बर १६ का ४५ जना ज्याला मजदुर गर्ने मानिसहरूको दैनिक कार्यमा बाधा परेको नपरेको प्रश्नमा बाधा परेको भन्नेमा ४४ जना अर्थात ९७.७७ प्रतिशत रहेको र बाधा नपरेको भन्नेमा एक जना अर्थात् ०.९५ प्रतिशत रहेको पाइयो, उक्त प्राप्त जानकारी तलको चित्रमा देखाइएको छ ।

**चित्र न९कोभिड-१९ ले ज्याला मजदुरी गर्नेकोदैनिक कार्यमा बाधा परेको नपरेको सम्बन्धी विवरण**





### ४.५.३ लकडाउनले परिवारमा आर्थिक संकट आए नआएको सम्बन्धी विवरण

प्रदेश नम्बर १ इटहरी उपमहानगरपालिका वडा नम्बर १६ का ज्याला मजदुर गर्ने श्रमिक वर्ग हरुमा सरकारले गरेको मगफउभच परिवारमा आर्थिक संकट अनायस सम्बन्धी प्रश्नको जवाफमा परिवारका आर्थिक संकट आए नआएको भन्नेमा ४० जना अर्थात ८८.९५% रछैन

भनेमा ५ जना अर्थात्  ८८.८९ प्रतिशत रहेको पाइयो, जसलाई तलब स्तम्भ चित्र द्वारा प्रस्ट्याइएको छ ।


**चित्र न१०लकडाउनले परिवारमा आर्थिक संकट आए नआएको सम्बन्धी विवरण**




## ४.५.४कोभिड-१९ ले ज्याला मजदुरी गर्ने मानिसलाई दैनिक छाक टार्न गाह्रो भए नभएको सम्बन्धी विवरण

प्रदेश नम्बर १ इटहरी उपमहानगरपालिका वडा नम्बर १६ का ४५ जना अध्ययन छनोटमा परेका समितिहरूको लाइन एक छाक टार्न गाह्रो भए नभएको प्रश्नको जवाफमा ७ टार्न गाह्रो भएको भन्नेमा घ३५जना अर्थात ७५.७७ प्रतिशत र छैन भन्नेमा दुई जना अर्थात् ४.४४ प्रतिशत र अलिक गाह्रो भएको भन्नेमा आठ जना अर्थात् १७.७८ प्रतिशत रहेको पाइयो उक्त प्राप्त विवरण लाई तलको वृत्तचित्रमा देखाइएको छ ।

**चित्र न११ कोभिड-१९ ले ज्याला मजदुरी गर्ने मानिसलाई दैनिक छाक टार्न गाह्रो भए नभएको सम्बन्धी विवरण**



### ४.५.५ ज्याला मजदुरी गर्नेले स्थानिय सरकारद्धारा राहत पाएको पटक सम्बन्धी विवरण

प्रदेश नं १ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं १६ का श्रमिक वर्गहरुलाइ तपाइ कति पटक राहत पाउनु भयो भन्ने प्रश्नको जवापमा निम्न विवरण प्राप्त भएको छ । जुन विवरण लाइ तल प्रस्तुत गरिएको छ ।

**तलिका नं १५राहत पाएको पटक सम्बन्धी**

| क.स. | विवण | कसंख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | १ पटक | १० | २२.२२ |
| २ | २ पटक | ३५ | ७७.७८ |
| ३ | ३ वा सो भन्दा बदी | - | - |
| जम्मा | | ४५ | १०० |

माथिको तालिका नं ९ को तथ्याङ्क विश्लेशण गर्दा १० जना वा २२.२२ प्रतिशत ले १ पटक राहत पाइयो र ३५ जना अर्थात् ७७.७८ प्रतिशतले २ पटक राहत पाएको पाइयो ।

### ४.५.६ ज्याला मजदुरी गर्नेलाई कोरोनाको त्रास भए-नभएको सम्बन्धी विवरण

प्रदेशनं १ सुनसरी जिल्लाको इटहरी उपमाहानगरपालिका वडां नं. १६ का श्रमिक वर्गमा बाहिर काम गर्नजादाँ उनिहरुमा कतै कोरोना लाग्छ कि भन्ने कतिको डर, त्रास छ ? भन्ने प्रश्न को जवाफमा उत्तरदाता बाट प्राप्त विवरण लाइ तल तालिकामा देखाइएको छ ।

**तालिका नं १६कोरोनाको त्रास भए-नभएको सम्बन्धी विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | छ | ७ | १५.५६ |
| २ | छैन | - | - |
| ३ | धेरै छ | ३८ | ८४.४४ |
| जम्मा | | ४५ | १०० |

माथिको तालिका नं १० को तथ्याङ्क विश्लेषण कोरोनाको त्रास जम्मा ४५ जनामा श्रमिक वर्गमा छभन्नेमा ७ जना अर्थात् १५.५६ प्रतिशत रहेको धेरै छ भन्नेमा ३८ जना ८४.४४

प्रतिशत रहेको पाइयो । अत काम गर्न  जादा अरुबाट कतै कोरोना सर्लाकी भनेर डर त्रास बढी रहेको पाईयो ।

### ४.६कोभिड-१९ ले वृद्ध-वृद्धाको स्वास्थ्यमा असर पारे नपारेको सम्बन्धी विवरण

प्रदेश नं १ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडां १६ अध्ययन छनोटमा परकोलाई स्वास्थ्य अवस्था राम्रो छछैन भनि प्रश्न गर्दा उत्तरदाताबाट आएको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १७कोभिड-१९ ले वृद्ध-वृद्धाको स्वास्थ्यमा असर पारे नपारेको सम्बन्धी विवरण**


| क.स. | विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | राम्रो छ | १५ | ३३.३३ |
| २ | रामो छैन | ३० | ६६.६७ |
| ३ | ठिकै छ | ० | ० |
| | जम्मा | ४५ | १०० |

तालिका नं. ११ को तथ्याङ्कको विश्लेषण  गर्दा स्वास्थ्य अवस्था राम्रो छ भन्ने १५ जना वा ३३.३३ प्रति र राम्रो छैन अर्थात कुनै न कुनै रुपमा रोगी रहेको ३० जना वा ६६.६७ पतिशत रहेको पाइयो ।

### ४.६.१कोभिड-१९कोसमयमा बृद्ध बृद्धाको स्वाथ्य परिक्षण सम्बन्धी विवरण

प्रदेश १  इटहरी उपमहानगरपालिका वडा नम्बर १६ अध्ययन छनोटमा परेका ४५ जना बृद्ध बृद्धाको स्वाथ्य परिक्षण सम्बन्धी प्रश्नको जवाफमा एक महिनामा स्वास्थ्य परीक्षण गर्छ भन्नेमा दुई जना अर्थात् ४.४४ प्रतिशत, तीन महिनामा भने मा ८ जना अर्थात् १७.७८ प्रतिशत र छ महिनामा गर्छु भने ३५ जना अर्थात ७०.७८ प्रतिशत रहेको पाइयो, उक्त प्राप्त तथ्यांकलाई बृत्तचित्रमा प्रस्ट्याइएको छ ।

**चित्र न१२ कोभिड-१९ समयमाबृद्ध बृद्धाको स्वाथ्य परिक्षण सम्बन्धी विवरण**




### ४.६.२. दिर्घ रोगी भए-नभएको सम्बन्धि विवरण

प्रदेश नं. १ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं १६ यस अध्ययनका छनौटमा परेका वृद्ध-वृद्धामा दिर्घ रोग भए-नभएको प्रश्नको जवाफमा आएको विवरणलाइ तल तालिकामा देखाइएको छ ।

**तालिका नं १८ दिर्घ रोगी भए-नभएको सम्बन्धि विवरण**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| दिर्घ रोघी भएको | १५ | ३३.३३ |
| दिर्घ रोघी नभएको | ३० | ६६.६७ |
| जम्मा | ४५ | १०० |

माथिको तालिका नं १२ को तथ्यांक विश्लेषण गर्दा १५ जना अर्थात् ३३.३३ प्रतिशत दिर्घ रोगी र ३० जना अर्थात् ६६.६७ प्रतिशत दिर्घ रोगी नरहेको पाइयो ।

### ४.६.३ वृद्ध-वृद्धाको औषध-उपचारमाकोभिड-१९ ले बाधा पुर्याएको-नपुर्याएको सम्बन्धि विवरण

प्रदेश नं-१ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नम्बर १६ का वृद्ध-वद्धाको औषध उपचारमा बाधा पुर्याएको छ कि छैन भन्ने प्रश्नको जवाफमा उत्तरदाताबाट प्राप्त विवरणलाइ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १९वृद्ध-वृद्धाको औषध-उपचारमा कोभिड-१९ ले बाधा पुर्याएको-नपुर्याएको सम्बन्धि विवरण**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| बाधा पुर्याएको | ३५ | ७७.७८ |
| बाधा नपुर्याएको | १० | २२.२२ |
| जम्मा | ४५ | १०० |

माथिको तालिका नं १३ को तथ्यांक विश्लेषणगर्दा वृद्ध-वद्धाको औषध उपचारमा कोभिड-१९ ले बाधा पुर्याएकोमा ३५ जना अर्थात ७७.७८ प्रतिशत र बाधा नपुर्याएकोमा १० जना अर्थात २२.२२ प्रतिशत रहेको जसमा सबभन्दा बढी बाधा पुर्याएको पाइयो ।

### ४.७गर्भ अवस्था सम्बन्धि विवरण

सामान्यतया गर्भावस्था भन्नाले Conception देखि ९ महिना, २८० दिन अर्थात ४० हप्तासम्मको समय अवधिलाइ जनाउछ । प्रदेश नं १ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं १६ का गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा कोभिड-१९ ले प्रभाव पारेको-नपारेको सम्बन्धि प्रश्न सोध्दा जवाफमा आएको विवरणलाइ तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २० कोभिड-१९ ले गर्भवती महिलाको स्वास्थ्यमा असर परेको-नपरेको सम्बन्धि विवरण**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| प्रभाव पारेको | १० | ६६.६७ |
| प्रभाव नपारेको | ५ | ३३.३३ |
| जम्मा | १५ | १०० |

तालिका नं १४ को तथ्यांक विश्लेषण गर्दा प्रभाव परेको १० जना अर्थात ६६.६७ प्रतिशत र प्रभाव नपरेकोमा ५ जना अर्थात ३३.३३ रहेको पाइयो ।

### ४.७.१ कोभिड-१९ को समयमागर्भवतीको स्वास्थ्य जांच सम्बन्धि विवरण

प्रदेश नं १ जिल्ला सुनसरी इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलका महिलाहरुको कोभिड-१९ समयमागर्भावस्थामा स्वास्थ्य जांच गराउनेहरुको संख्या विवरणलाइ तलको तालिकामा प्रस्ट रुपमा देखाइएको छ :

**तालिका नं २१ कोभिड-१९ को समयमा गर्भवतीको स्वास्थ्य जांच सम्बन्धि विवरण**

| क्र.सं | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | २ पटक | - | - |
| २ | ३ पटक | ५ | २६.६७ |
| ३ | ४ पटक | ११ जना | ७३.३३ |
| ४ | ५ पटक वो सो भन्दा माथि | - | - |
| जम्मा | १५ | १०० | १०० |

तालिका नं १५ को तथ्यांक विश्लेषण गर्दा अरु समयमा गर्भवती हुँदा ४ पटक भन्दा बढी स्वास्थ जाँच गराएको पाइए पनि कोभिड-१९ को समयमा भने ३ पटक स्वास्थ जाँच गाराउने ४ जना अर्थात २६.६७ प्रतिशत र ४ पटक स्वास्थ जाँच गराउने ११ जना ७३.३३ प्रतिशत पाइयो भने ५ पटक वा सो भन्दा माथि स्वास्थ जाँच गराउने संख्या शुन्य पाइयो ।

### ४.७.२ गर्भावस्थामा आवश्यक पर्ने पोषक तत्वको विवरण

महिलाहरुको गर्भावस्थामा घरपरिवारको हेरचाह हुन र सहयोगको आवश्यकता पर्दछ । साथै यस अवस्थामा गर्भवती महिलाले आफु, आफ्नो बच्चाको उच्चतम स्वास्थ प्राप्तिको लागि खानामा भरपुर पोषक तत्वको मात्रा मिलाएर खाएमा आमा र बच्चा दुवै को स्वास्थ मजबुत रहन सक्दछ । इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलका गर्भवती महिलाहरुले गर्भावस्थामा कस्ता पोषक तत्व खानु पर्दछ भन्ने प्रश्नको जवाफमा पाइएको निम्न अनुसारको विवरणलाइ तलको तालिकामा देखाइएको छ ।

**तालिका नं २२ गर्भावस्थामा आवश्यक पर्ने पोषक तत्वको विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | माछा मासु खानुपर्छ भन्ने | - | - |
| २ | हरियो साग-सब्जी खानुपर्छ भन्ने | ११ | ७३.३३ |
| ३ | फलफुल, माछा-मासु र साग-सब्जी खानु पर्छ भन्ने | ४ | २६.६७ |
| जम्मा | | १५ | १०० |

माथिको तालिका नं १६ तथ्यांक विश्लेषण गर्दा फलफुल, माछा-मासु र हरियो साग-सब्जी खानुपर्छ भन्ने ४ जना अर्थात २.६७ प्रतिशत र हरियो साग-सब्जी खानुपर्छ भन्ने ११ जना अर्थात ७३.३३ प्रतिशत रहेको पाइयो ।

### ४.७.३ गर्भावस्थामा महिलाहरुले खाने आइरन चक्की तथा क्याल्सियम सम्बन्धि विवरण

गर्भावस्थामा विशेष गरि महिलाहरुकालागि क्याल्सियम र आइरनको बढी मात्रामा आवश्यक पर्दछ जसको कारणले आमाको साथै गर्भमा रहेको बच्चाको स्वास्थमा प्रभाव पार्दछ । इटहरी उपमहानगरपालिका वडा नम्बर १६ हर्दिया मजरा टोलका महिलाहरुको गर्भावस्थामा लिने आइरन चक्की तथा क्याल्सियम सम्बन्धि सोधिएको प्रश्नमा प्राप्त विवरणलाइ तलको तालिकामा प्रष्ट रुपमा देखाइएको छ ।

**तालिका नं २३गर्भावस्थामा महिलाहरुले आइरन चक्की तथा क्याल्सियम खाने सम्बन्धि विवरण**


| क्र.स. | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | खान्छु | ११ | ७३.३३ |
| २ | खादिन | ४ | २६.६७ |
| जम्मा | | १५ | १०० |

माथिको तालिका नं १७ को तथ्यांक विश्लेषण गर्दा आइरन चक्की तथा क्याल्सियम खान्छु भन्नेमा ११ जना अर्थात ७३.३३ प्रतिशत र खादिना भन्नेमा ४ जना अर्थात ३६.६७ प्रतिशत रहेको पाइयो ।

## ४.८ सुरक्षित मातृत्व सम्बन्धि विवरण

सुरक्षित मातृत्व भन्नाले गर्भवती भएदेखि सुत्केरी भएको ४२ दिन भित्रमा मातृ जटिलताका रोग विरुद्ध बालक र आमाको स्वास्थमा उच्चतम स्वास्थ प्राप्त गर्नु नै सुरक्षित मातृत्व हो । इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया टोल क्षेत्रमा गरिएको अध्ययनबाट प्राप्त मातृ सम्बन्धि विवरणलाइ तलको वृतचित्र मा प्रस्तुत गरिएको छ :

**चित्र नं १३सुरक्षित मातृत्व सम्बन्धि विवरण**





माथिका वृतचित्र अनुसार हर्दिया मजरा टोलमा सुत्केरी हुने बेलामा घरमा सुकेरी गराउनेमा ३५ जना ३३.३३ प्रतिशत, सुडेनी कहाँ ५ जना अर्थात ४.६७ प्रतिशत र अस्पतालमा सुत्केरी गराउने ६५ जना अर्थात ६१.९१ प्रतिशत रहेको पाइयो ।

### ४.८.१जन्मान्तर राख्ने सम्बन्धी विवरण

प्रदेश नम्बर १ इटहरी उपमहानगरपालिका वडा नम्बर १६ हर्दिया टोलको अध्धयनमा परेका परेका बासिन्दाहरुमा बिहेपछि कति बर्षको जन्मान्तर मा छोराछोरी जन्माउनुभयो भन्ने प्रश्नको जवाफमा एक वर्षमा अन्यमा ६० जना अर्थात ५७.१४ प्रतिशत दुईवर्ष भन्नेमा २० जना अर्थात १९.०५ %, तीनवर्ष भन्नेमा ५ जनामा अर्थात् ४.७६ प्रतिशत र चार वर्षभन्दा माथि भन्नेमा २० जना अर्थात् १९.०५ प्रतिशत रहेको पाइयो । उक्त तथ्यांकलाई तलको स्तम्भ चित्रमा प्रस्ट्याइएको छ ।


**चित्र न१४जन्मान्तर राख्ने सम्बन्धी विवरण**




**४.८.२ प्रजनन स्वास्थ्य सम्बन्धी विवरण**

प्रदेशमा १ इटहरी उपमहानगरपालिका वडा नम्बर १६ हर्दिया मजरा टोलको अध्ययन छनोटमा परेकाहरुलाई प्रजनन स्वास्थ्य भन्नाले के बुझिन्छ भन्ने प्रश्नको जवाफमा यहाँ छ भन्नेमा ४५ जना अर्थात ४२.८६ प्रतिशत रहेको पाइयो भने यहाँ छैन भन्नेमा ६० जना अर्थात ५७.१४ प्रतिशत रहेको पाइयो, उक्त शिक्षाको कमीले गर्दा प्रजनन स्वास्थ्यसम्बन्धी ज्ञान र जनकारीमा कमी पाइयो, तलको विवरणलाई तलको स्तम्भचित्र द्वारा प्रष्टिएको छ ।

**चित्र न१५प्रजनन स्वास्थ्य सम्बन्धी विवरण**



### ४.९ सन्तुलित भोजन र पोषण सम्बन्धि विवरण

सन्तुलित भोजन भन्नाले हामीले दैनिक रुपमा खाने खानामा भिटामिन, कार्बोहाइड्रेट, प्रोटिन, खनिज पदार्थ आदि पोषक तत्वहरुको मात्रा वा अनुपात मिलाएर दैनिक रुपमा खाने खानालाई नै सन्तुलित भोजन भनिन्छ । सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलमा अध्ययन गर्दा पाइएको सन्तुलित भोजन र पोषण सम्बन्धि विवरणलाइ तलको तालिकामा देखाइएको छ ।

**तलिका नं २४सन्तुलित भोजन र पोषण सम्बन्धि विवरण**


| क.स. | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | दालभात तरकारी भन्ने | ७० | ६६३.६७ |
| २ | माछामासु भन्ने | ११ | १०.४८ |
| ३ | फलफुल र माछामासु भन्ने | २४ | २२.५० |
| जम्मा | | १०५ | १०० |

माथिको तालिका नं १८ को विश्लेषण गर्दा दालभात तरकारी बन्ने ७० जना अर्थात ६६.६७ प्रतिशत, माछामासु भन्ने ११ जना अर्थात १०.४८ प्रतिशत र फलफुल माछामासु भन्ने २४ जना अर्थात २२.८५ प्रतिशत रहेको जसमा दालभात तरकारी भन्नेको संख्या बढी रहेको पाइयो ।

### ४.९.१ हप्तामा माछा मासु खानेको पटक सम्बन्धी विवरण

प्रदेश नम्बर १ ईटरि उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलको अध्ययन छनोटमा परेका हप्तामा कति पटक माछा मासु खानु हुन्छ भन्ने प्रश्नको जवाफमा एकपटकका बन्नेमा ६२ जना अर्थात ६१.१९% र दुईपटक भने ३५ जना अर्थात ३३.३३ प्रतिशत र तीन पटक भन्ने मा ५ जना अर्थात ४.७६ प्रतिशत रहेको पाइयो जसलाई तलको स्तम्भचित्र द्वारा प्रस्ट्याइएको छ ।


**चित्र न१६हप्तामा माछा मासु खानेको पटक सम्बन्धी विवरण**




## ४.९.२ हप्तामा फलफुल खानेको पटक सम्बन्धी विवरण

हाम्रो शरीरलाई स्वस्थ्य र तन्दुरुस्त राख्नका लागि आवश्यक सन्तुलन भोजन र पोषणको आवश्यकता पर्दछ । फलफुलले हाम्रो शरीरलाई आवश्यक पोषण दिई सुरक्षा प्रदान गर्दछ, प्रदेश् १ इटहरी उपनगरपालिका वडा नम्बर १६ हर्दिया मजरा टोल अध्ययन छनोटमा परे हप्तामा कति पटक फलफुल खानु हुन्छ भन्ने प्रश्नको जवाफमा सधैं खान्छु भन्नेमा ५ जना ४.७६ प्रतिशत, कहिलेकै खान्छु भन्नेमा सय जना अर्थात ९५.२४ प्रतिशत र खादिन भन्नेमा ०.००% रहेको पाइयो उक्त प्राप्त तथ्यांकलाई तलको स्तम्भचित्र द्वारा प्रस्ट्याइएको छ ।

**चित्र न१७हप्तामा फलफुल खानेको पटक सम्बन्धी विवरण**



## ४.१०सारांश /नतिजा (Summary,Findings)

### ४.१०.१सारांश (Summary)

नेपाल एक विकासोन्मुख रास्ट्र हो । यहाँका मानिसहरुको स्वास्थ्य नाजुक अवस्थामा रहेको छ ।

विश्व आज २१ औं शताब्दीमा प्रवेश गरिसकेको अवस्थामा पनि हाम्रो देश निकैनै पछाडी रहेको छ । विश्वमा कोरोनाको कहर चलिरहदा विश्व जस्तै हाम्रो देश पनि त्रसित अवस्थाबाट गुज्रीरहेको छ । किन कि हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको श्रोत साधानले कोरोना महामारीलाइ धान्न सक्ने अवस्था थिएन ।तर अरु देशको तुलनामा हाम्रो देशलाई हरेक क्षेत्रमा नेपाली जनतालाइ प्रभाव पारे पनि सांखिक रुपमा अलि कम रहेकाले संक्रमित र ज्यान गुमाउनेहरुको संख्या कम रहे पनि नेपाल र नेपाली जनताको अन्य क्षेत्रमा जस्तै आर्थिक, सामाजिक, सांस्कृतिक, स्वास्थ्य, शिक्षा आदि बिभिन्न क्षेत्रमा प्रभाव पारेको छ । प्रदेश नं १ सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं १६ हर्दिया मजरा टोलका ३०० घरधुरी मध्ये ४५ जना ज्याला मजदुरी गर्ने मानिस, ४५ जान वृद्ध-वृद्धा र १५ जना गर्भवती महिला गरि १०५ जनालाई अध्ययनकालागि छनौट गरिएको थियो ि छनौट पश्चात उनीहरुको यथार्थ अवस्था पत्ता लगाउन प्रश्नावली निर्माण गरि तथ्यांक संकलन गरि तालिकीकारण, विश्लेषण तथा प्रस्तुतिकारण गर्ने कार्य गरियो । अध्ययनका क्रममा जनसांखिकीय विवरण, स्वास्थ अवस्था, आर्थिक अवस्था मातृशिशु स्वास्थ, सन्तुलित भोजन र पोषण, गर्भवतीको अवस्था, खानेपानी तथा रोग सम्बन्धी ज्ञानधारणा तथा ब्यबहार सम्बन्धि उक्त वडाको यथार्थ विवरण पत्ता लगाउन सक्षम भएको छ ।

### ४.१०.२ नतिजा (Findings)

#### ४.१०.२.१ सामाजिक तथा जनसांखिकीय अवस्था (Social Demographic Status)

क. हर्दिया मजरा टोलका ३०० घरधुरी मध्ये १०५ घरपरिवारको तथ्यांक संकलन गरिएको छ ।

ख.१०५ घरपरिवारमा जम्मा ४६६ जना मध्ये महिलाहरुको संख्या २७२ अर्थात ५८.३६ प्रतिशत र पुरुषको संख्या १९४ जना अर्थात ४१.६४ प्रतिशत रहेका छन् ।

ग.निरक्षर व्यक्तिहरु १४० जना अर्थात ३०.०४ प्रतिशत रहेको पाइयो ।साक्षर १५२ जना अर्थात ३२.६२ प्रतिशत रहेको पाइयो ।

घ यस हर्दिया टोलका मानिसहरुको मुख्या पेशामा मजदुरीमा ५१ जना अर्थात ४८.५७प्रतिशत, नोकरीमा ११ जना वा १०.४८ प्रतिशत, ब्यापारमा १२ जना वा ११.४२ प्रतिशत, कृषिमा ११ जना अर्थात १०.४८ प्रतिशत र अन्यमा २० जान अर्थात १९.०५ प्रतिशत रहेको पाइयो ।

ङ. आर्थिक अवस्थालाइ हेर्दा मासिक आय पाँच हजार सम्म आम्दानी हुने ५ जान अर्थात ४.७६ प्रतिशत र सात हजार देखि दश हजारसम्म आम्दानी हुने ६५ जान अर्थात ६१.९१ प्रतिशत र दश हजार माथि ३५ जान वा ३३.३३ प्रतिशत रहेको पाइयो ।

## ४.१०.२.२ सामाजिक तथा सांस्कृतिक अवस्था (**Social and Cultural Status**)

क. अधिकांश मानिसहरु हिन्दु धर्ममा आस्था राख्ने गरेको पाइयो जसमा उनीहरु मुख्यचाडपर्व सिरुवा, छठ, माघेसंक्रान्ति, दशैं-तिहार रहेको पाइयो ।

## ४.१०.२.३कोभिड-१९ सम्बन्धि ज्ञानधारा र ब्यबहारको अवस्था

क. कोभिड-१९ ले ९० जान वा ८५.६१ पतिशत मानिसहरुको मानसिक स्वास्थ्यमा असर पारेको देखियो ।

ख. घरबाहिर जादा ५० जना अर्थात ४७.६२ प्रतिशत मानिसहरू मास्कको प्रयोग गरेको पाइयो भने ५५ जना ५२.३८ प्रतिशतले खासै प्रयोग गरिएको पाइएन ।

ग.कहिले काही भ्याएको बेला साबुनपानीले हात धुने ५५ जना वा ५२.३८ प्रतिशत, ३ पटक साबुन पानीले हात दुने ३० जना वा २८.५७ प्रतिशत र पटक-पटक साबुनपानीले हात धुने २० जना वा १९.०५ प्रतिशत रहेको पाइयो ।

घ.उक्त तथ्यांकको आधारमा विश्लेषण गर्दा साबुनपानीले हात धुनु पर्छ भन्ने कुरा थाहा भएपनि ब्यबहारमा उतारेको खासै पाइएन । मानिसको यो स्वास्थ ब्यबहारमा परिवर्तन गर्नुपर्ने देखियो ।

## .४.१०.२.४सुरक्षित मातृत्वको अवस्था

क. सुत्केरी गराउने बेलामा घरमा नै सुत्केरी गराउनेको संख्या ३५ जना वा ३३.३३ प्रतिशत र सुडेनी कहाँ ५ जना वा ४.४७ प्रतिशत तथा अस्पतालमा सुत्केरी गराउने मा ६५ जना अर्थात ६१.९१ प्रतिशत रहेको पाइयो ।

**४.१०.२.५. सन्तुलित भोजन र पोषणको अवस्था**

क. दैनिक हामीले खाने खानाको रुपमा दालभात, तरकारी खाने भन्नेमा ७० जना वा ६६.६७ प्रतिशत, माछामासु भन्नेमा ११ जना वा १०.४८ प्रतिशत फलफुल-माछामासु भन्नेमा २४ जना वा २२.८५ प्रतिशत रहेको पाइयो । उक्त तथ्यांकको आधारमा दैनिक रुपमा प्रायः दालभात र तरकारी बढी खाने गरेको पाइयो ।

**४.१०.२.६गर्भवतीको अवस्था सम्बन्धि**

क.गर्भवती भएको अवस्था देखि सुत्केरी हुने बेलासम्म जम्मा १५ जना गर्भवती महिलाहरुको अध्ययन छनौट गरिएकोमा उनीहरु मध्ये २ पटक र ५ पटक भन्दा माथि स्वास्थ परिक्षण गराउनेमा शुन्य रहेको र ३ पटकमा ४ जना अर्थात २६.६७ प्रतिशत र ४ पटक स्वास्थ्य जांच गराउनेमा ११ जना वा ७३.३३ प्रतिशत रहेको पाइयो ।

ख.गर्भावस्थामा हरियो सागसब्जीको आवश्यकता पर्दछ भन्ने मा ४ जान वा २६.६७ प्रतिशत र फलफुल माछामासु तथा सागसब्जी खानु पर्छ भन्नेमा ११ जना वा ७३.३३ प्रतिशत रहेको पाइयो ।

ग. गर्भवती अवस्थामा सन्तुलित भोजनको रुपमा हामीले दालभात, माछामासु, फलफुल,गेडागुडी र हरिया सागसब्जीको अनुपात मिलाएर खानु पर्दछ ।

**४.१०.२.७ज्याला मजदुर गर्नेको अवस्था सम्बन्धि**

क.ज्याला मजदुरी गर्नेको मानसिक स्वास्थ अवस्थामा ९० जान वा ८५.७१ प्रतिशतलाइ प्रभाव पारेको देखियो ।

**४.१०.२.८वृद्ध-वृद्धाको स्वास्थ अवस्था सम्बन्धि**

क.वृद्ध-वृद्धाहरुको रोग प्रतिरोधात्मक शक्ति कम्जोर भएका कारण उनीहरुलाई बिभिन्न किसिमका रोघरुले छिटै नै आक्रमण गर्ने गर्दछ । जसले गर्दा दीर्घरोगहरुले च्याप्ने गर्दछ । अध्ययन छनौटमा परेका ४५ जना जना वृद्ध-वृद्धाको अध्ययनको गर्दा दीर्घरोगी भएनभएको भन्नेमा १५ जना वा ३३.३३ प्रतिशत दीर्घरोगी भएको र नभएकोमा ३० जना वा ६६.६७ प्रतिशत रहेको पाइयो ।

ख.दीर्घरोगी वा अन्य कुनै रोगि भएर औषध उपचार गराउनमा कोभिड-१९ ले असर पारेकोमा ३५ जना वा ७७.६८ प्रतिशत र नपुरयाएकोमा १० जना वा २२.२२ प्रतिशत रहेको पाइयो ।

# अध्याय ५

## निष्कर्ष र सुझावहरु (Conclusions and Recommendations)

### ५.१निष्कर्ष(Conclusions)

स्वास्थ सर्वेक्षण पश्चात अध्ययनकर्ता द्वारा निम्न अनुसारका निस्कर्ष निकालिएको छ :

महिलाहरुको जनसंख्या पुरुषको तुलनामा बढी छ, अनपढ भन्दा साक्षर धेरै पाइयो । मानिहरुको मुख्य पेशामा मजदुरी रहेको पाइयो जसले गर्दा दैनिक रुपमा काम गरेर छ्यांक टार्ने बाध्यताका कारण कोभिड-१९ ले भएको लकडाउनमा धेरैको रोजीरोटी खोसियो । यसले मानसिक स्वास्थमा ठुलो असर परेको देखियो ।वृद्ध-वृद्धा तथा दीर्घरोगीहरु बन्दका कारण समयमा औषधि नपाएर रोग अझ बल्झिएकोले स्वस्थमा असर परको देखियो । त्यसैगरि गर्भवती महिलाहरु महिने पिच्छे वा समय-समयमा स्वास्थ जाँच गराउन नपाउदा उनिहरुमा मानसिक असर परेको देखियो तथा कोरोना संक्रमण हुन्छ कि भन्ने चिता, डर-त्रासले गर्दा पनि मानसिक रुपमा असर परेको देखियो । सुत्केरी गराउनेमा ६५ जना वा ६१.९१ प्रतिशत अस्पतालमा गराएको पाइयो ।दैनिक रुपमा दालभात तरकारी खानेको संख्या बढी पाइयो । गर्भवती भएदेखि सुत्केरी हुनेबेला सम्ममा ४ पटक सम्म स्वास्थ परिक्षण गराउने ७३.३३ प्रतिशत रहेको पाइयो । अधिकांश मानिहरु हिन्दु धर्ममा आस्था रहेको पाइयो । जसमा मुख्य चाडपर्वको रुपमा सिरुवा, छठ, माघेसंक्रान्ति, दशैं र तिहार मनाउने गरेको पाइयो । पिउने पानीको मुख्य श्रोतको रुपमा कल नै रहेको पाइयो भने कमैले मात्र धाराको पानी प्रयोग गरेको पाइयो । यसरी हेर्दा यस टोलमा शुद्ध पेय जलको अभाव नै रहेको देखिन्छ । भने सुरक्षित मातृत्व सम्बन्धि शिक्षाको कमि रहेको त्यसैगरि सन्तुलित भोजन र पोषण स्थिति एकदमै कमजोर रहेको देखियो ।

### ५.२ सुझावहरु (Recommendations)

५.२.१ केन्द्रिय तथा स्थानिय सरकारले कोभिड-१९ सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने,

५.२.२स्थानिवासीहरु बढी रोजिरोटीमा मात्र निर्भर रहेकाले स्थानिय सरकार तथा सम्बन्धित निकायले अन्य थप सिपमुलक वा रोजगारमुलक कार्यक्रम संचालन गर्नुपर्ने,

५.२.३ विभिन्न NGO तथा INGO संस्थाहरुले समुदायमा रोग तथा पोषणसम्बन्धिजानकारी प्रदान गर्नुपर्ने,

५.२.४ केन्द्रिय तथा स्थानिय सरकारले सन्तुलित भोजन तथा पोषण सम्बन्धि कार्यक्रमहरु संचालन गर्नुपर्ने,

५.२.५ गर्भ अवस्थामा आवश्यक पर्ने सन्तुलित भोजन तथा पोषण सम्बन्धि जानकारी प्रदान गर्नुपर्ने,

५.२.६ विभिन्न NGOतथा INGO संस्थाहरुलेगर्भावस्थामा घरपरिवारले गर्ने ब्यबहार, माया, सहयोग सम्बन्धि जनचेतना फैलाउनु पर्ने,

५.२.७ समुदायका मानिसहरुले आफ्नो स्वास्थ ब्यबहारमा परिवर्तन गर्नुपर्ने,

५.२.८ व्यक्तिगत सरसफाई र रोग नियन्त्रणकालागि व्यक्ति आफै संयमित हुनुपर्ने, जस्तै :सामाजिक दुरी कायम गर्नु, नियमित साबुन पानीले हात धुनु आदि ।

**५.३नितिसम्बन्धीसुझावहरु (Recommendation for National Policy)**

क. नेपाल सरकारले कोभिड १९ लाई रोकथाम तथा नियन्त्रण गर्नका लागि पर्याप्त मात्रामा को साधनको उचित व्यवस्थापन गर्नुपर्ने,

ख.नेपाल सरकार तथा सम्बन्धित निकायले वा स्थानीय स्तरमा कोभिड १९ जस्ता अन्य महामारीले प्रतिकूल असर हरु निम्त्याउने भएकोले सचेतना जगाउन प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याउनु पर्छ,

ग. कोभिड १९ ले मानिसहरूको शारीरिक मानसिक सामाजिक नैतिक आदि पक्षहरुमा असर पुर्याएको ले पक्षहरूको सुधारका लागि सरकारी तथा गैरसरकारी निकायहरुले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्छ,

घ.जनतालाई जिम्मेवारी र संयमित बनाउन विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ,

**५.४ अभ्यास सम्बन्धी सुझावहरू**

क. जनताको तथा समुदायको मानिसहरूको स्वास्थ्य सुधार ल्याउने कार्यक्रमहरुमा जोड दिनुपर्दछ ।

ख. समुदायमा मानिसहरूलाई जिम्मेवारी र संयमित बनाउने जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

ग. . केन्द्रिय तथा स्थानिय सरकारले कोभिड १९ सम्बन्धी तालिम गोष्ठी प्रचार पम्पलेट को माध्यमबाट मानिसहरूलाई स्वास्थ्य स्तर उकास्ने जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

घ. कोभिड १९ ले रोजीरोटी खोसिएका बेरोजगारी मानिसहरुलाई विभिन्न घरेलु तथा सीपमूलक तालिम द्वारा उनीहरुलाई आत्मनिर्भर बनाउन आर्थिक स्तर उकास्न सहयोग गर्नुपर्दछ ।

ङ. कोभिड १९ जस्ता महामारी रोग बाट आफु र समाज कसरी सुरक्षित रहन सकिन्छ आउने सक्ने जटिलताहरु को जानकारी प्रदान गर्नुपर्दछ ।

## ५.५ थप अनुसन्धानका लागि सुझावहरु

क.कोभिड १९ को मानसिक स्वास्थ्यमा असर :

कोभिड १९ का कारण विश्वलाई नै आक्रान्त पारेको बेला नेपालको पनि विभिन्न पक्षहरुमा असर पऱ्यो, जस्तै : शैक्षिक,मानसिक स्वास्थ्य, सामाजिक,सास्कृतिक,राजनैतिक, आर्थिक आदिमा असर पऱ्यो । यी सबै पक्षको असर मानिसको सोझै मानसिक स्वास्थ्यमा बढी असर पुर्यायो। तसर्थ आगामि अनुसन्धानका लागि कोभिड १९  को मानसिक स्वास्थ्यमा असर एक उपयुक्त अध्ययन शीर्षक हुन सक्छ ।

ख. कोभिड १९ ले शैक्षिक पक्षमा पारेको असर :

कोभिड १९ को शिक्षामा निकै प्रभाव पारेकाले प्राय हरेक विद्यालय, क्याम्पसका विद्यार्थीहरुको पढाइमा प्रभाव पारेकाले त्यसको असर विद्यालयको शैक्षिक गुणस्तरमा पनि परेको हुनाले विद्यालयहरु क्याम्पसहरु एक अध्ययन स्थलको रुपमा छनोट गरी विद्यालयको शैक्षिक क्षेत्रमा के कस्तो प्रभाव पाऱ्यो भनी एक अध्ययनको विषय हुन सक्छ ।

## सन्दर्भ ग्रन्थी(Reference)


Baiddhya, P.C., Budhathoki, C.B., Wagle, B.P. and Bhandari, K.N. *(2068).Foundation and Principle of Health.*(4th Edition).Kathmandu : Pinnacle Publication.

Khanal, P.S. and Muduwari, N.R. (2074).*Educational Research Methodology*.Kathmandu : Sunlight Publication.

Muduwari, N.R. (2068). *Foundation and principles of Health Education.*(4th Edition).Kathmandu : Jupiter Publication.

MoHP, (2020).*Regular update of Covid-19, Ministry of Health and Population (Nepal*).[Internet]; [Cited 20th November 2020]. Available from :*https://covid19.mohp.gov.np*

World Health Organization, (2020).*Regular update of Covid-19.* [Internet]; [Cited 20th November 2020]. Available from :*https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019*

Sharma, C.J. and Sharma N. (2064).*Child Development and Learning*.Kathmandu: M.K. Publication.

Pokhrel, Nita (2064). *Sexuality Pregnancy Delivery*. Kathmandu: Education Publication House.

TuiTui, Roshani and TuiTui, Sabitri (2064).*Reproductive Health.*Kathmandu: Prashanti Publication.

Maharjan, Shyamkrishna (2065). *Sexuality and Reproductive Health Education.*Kathmandu: Sunlight Publication.

Regmi, Murari Prasad (2067). *Epidemiology and Communicable Disease.* Kathmandu: Makalu Publication.

TuiTui, Roshani (2067).*Maternal Infinity and Reproductive Health.*Kathmandu: Makalu Publication.

Websites:
www.unicef.org, www.wikipedia.org,
www.google.com, www.dohs.gov.np

## अनुसूची-१
## अन्तर्वार्ता सूची

म शाशिताकुमारी चौधरी, त्रिभुवनविश्वविद्यालयको शिक्षाशास्त्र संकायजनताबहुमुखीक्याम्पस इटहरीको विद्यार्थी हु । मैले यो अध्ययनकोभिड-१९ ले समुदायमाबसोबास गर्ने वृद्ध-वृद्धा, गर्भवतीमहिला र श्रमिकवर्गको स्वास्थ्यअवस्थामा के-कस्ता असर पारेका छन् भन्ने विषयमाएम.एड. दोश्रो बर्षको ५९८ को आंशिकपाठ्यक्रम पुरा गर्नकालागीकोभिड-१९ विषयसंग सम्बन्धितप्रश्नावलीनिर्माण गरि अध्ययनको उदेश्य पुरागर्न यो प्रश्नावलीतयार पारेकी छु । उत्तर दाताले निर्धक्कका साथअध्ययनसंग सम्बन्धितजानकारी दिनुहुनेछ भन्ने कुरामाआशावादी रहेकी छु ।

**प्रदेश नं १** **मिति:**

जिल्ला : सुनसरी
इटहरी उपमहानगरपालिका वडा नं १६,
टोल :

**जनसाङ्ख्यिविवरण (Demographic Profile)**

क) अन्तर्वार्ता दिने व्यक्तिको नाम :
ख) परिवारको किसिम: ......एकल .......संयुक्त
ग) परिवार संख्या : ....... पुरुष ......... महिलाजम्मा : ........
घ) धर्म : .......हिन्दु .......बौद्ध ...........मुस्लिम ..........इसाई..........अन्य
ङ) मातृभाषा : ........ थारु ........ नेपाली .........मैथिली...... राई .......अन्य : .......

**पारिवारिकविवरण (Family Status)**

| क.स. | नाम, थर | अन्तर्वार्ता दिनेको नाम | लिंग | उमेर | शैक्षिक योग्यता | पेशा | वैवाहिक स्थिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**प्रश्नहरु**

**कोभिड-१९ को ज्ञान, धारण र व्यवहार सम्बन्धि**

१. कोभिड-१९ ले तपाइको स्वास्थ्यमा असर पारेको छ ?

क. छ ख. छैन ग. अलिअलि

२. कोभिड-१९ ले तलकामध्ये तपाइ के बाट बढी प्रभावितहुनु भएको छ?

क. शारीरिक ख. मानसिक ग. आर्थिक, घ. समाजिक, धार्मिक तथा साँस्कृतिक

३. कोभिड-१९काकारण तपाइलाई मानसिक असर परेको छ?

क. छ ख. छैन

४.कोभिड-१९को समयमा बिरामीपर्दा औषधउपचार गराउनमा समस्याभयो?

क. भयो ख. भएन ग. अलिअलिभयो

५. दिनमाकतिपटक साबुनपानीले हातधुनु हुन्छ ?

क. २ पटक ख. ३ पटक ग. पटक-पटक घ. धुदिन

६. कोभिड-१९को समयमातपाइ बिरामी पर्नु भएको छ? छ भने कस्तो खालको बिरामी पर्नु भएको छ ?

क. सामान्य रुघाखोकी ख.ज्वरो ग. हाडजोर्नी दुख्ने घ. झाडापखाला

७. तपाईबाहिर जादा सामाजीक दुरी कायमगर्नु हुन्छ ?

क. गर्छु ख. गर्दिन ग. कहिलेकाही गर्छु

८. व्यक्तिगत सरसफाइमाकतिको ध्यानदिनु हुन्छ ?

क.दिन्छु ख.दिदिन ग. कहिलेकाहि दिन्छु

९. यो रोग कसरी सर्छ ?

क. सरसफाइमाध्याननदिदा ख. वातावरण फोहोर हुँदा ग. सावुनपानीले हातनधुदा घ. मास्कको उचितप्रयोग नगर्दा

१०. यो रोगको लक्षणहरु कस्ता हुन्छन् थाहा छ ?

क. छ ख. छैन ग. अलिअलिथाहा छ

११. घर बाहिर जादामास्कलगाउनु हुन्छ ?

क. लगाउछु ख. लगाउदिन ग. कहिलेकाही लगाउछु

**श्रमिकवर्गको स्वास्थ्यतथा समाजिकअवस्था सम्बन्धि**

१२. कोभिड-१९ ले तपाइको दैनिककार्यमाबाधा परेको छ ?

क. परेको छ ख. परेको छैन

१३. कोभिड-१९ ले खान, लाउनमा समस्यापारेको छ ?

क. छ ख. छैन ग. अलिकति छ घ. धेरै छ

१४. तपाइले स्थानिय सरकारद्वारा वितरण गरेको राहतकति पटक पाउनुभयो ?

क. एक पटक ख. दुइ पटक ग. तिन पटक घ. पाएको छैन

१५. तपाई के खानु, के कामगर्नु, कसरि गर्नु भनेर चिन्तित हुनुहुन्छ ?

क. छु ख. छैन ग. अलिअलि छु घ. धेरै छु

१६. तपाइको परिवारमाआर्थिक व्यवस्थापनगर्न कतिको गार्हो भएको छ ?

क. धेरै गाह्रो छ ख. अलिकतिगार्हो छ ग. छैन गार्हो

१७. तपाइको कामचलिरहेको छ या बन्द छ ?

क. चलिरहेको छ ख. बन्द छ

१८. के सरकारले गरेको लकडाउनले तपाइको परिवारमाआर्थिक संकट आएको छ ?

क. छ ख. छैन

१९. तपाइबाहिर कामगर्न जादाकतै कोरोना लाग्छ किभन्ने डर, त्रास छ ?

क. छ ख. छैन ग. अलिअलि घ. धेरै छ

२०.कोभिड-१९ काकारण तपाइको दैनिक छाक टार्न कतिको गार्हो छ ?

क. छ ख. छैन ग. अलिअलिगार्हो छ घ. गार्हो छैन

## गर्भवती सम्बन्धि

२१.**क.**तपाईले गर्भवतीभएदेखि कति पटक सम्म स्वास्थ्यजांच गराऊनु भयो ?

क. एक पटक ख. दुइ पटक ग. तिन पटक घ. सो भन्दा धेरै

**ख.**कोभिड-१९ ले तपाइको स्वास्थ्य परिक्षण गराउनमा के समस्या देखियो ?

क. डाक्टरले राम्ररी चेकअपगर्न हिचकिचाउने ख.नियमित परिक्षणमा समस्या ग. सवारीसाधनको समस्या

२२. अहिले यो अवस्थामा कस्ता पोषणतत्वहरु खादै हुनुहुन्छ ?

क. हरियो सागसब्जी ख. माछामासु ग. फलफुल घ. बन्दले खासै खान पाइएको छैन

२३. गर्भअवस्थामाकति पटक खोप लगाउनु पर्छ थाहा छ ?

क. छैन ख. थाहा छ

२४. गर्भअवस्थामाआइरन र क्याल्सियमचक्की खानुहुन्छ किहुदैन ?

क. खान्छु ख. खादिन

२५. यति बेलाकोभिड-१९ को त्रास छ, तपाइलाई यो अवस्थामाकतिको चिन्ता लाग्छ?

क. लाग्छ ख. लाग्दैन ग. अलिकति लाग्छ घ. धेरै लाग्छ

## सन्तुलितभोजन तथापोषण सम्बन्धि

२६. पोषणको कमीले कस्ता रोगहरु लाग्न सक्छन् ?

क. रुघाखोकी ख. ज्वरो ग. कुपोषण

२७. हामीले दैनिक रुपमा कस्ता खानेकुराहरु खानुपर्छ ?

क. दालभात ख. माछामासु ग. माछामासु,दालभात, फलफुल

२८. पोषणभन्नाले के बुभ्नुहुन्छ,थाहा छ ?

क. थाहा छ ख. थाहा छैन

२९. तपाई हप्तामाकति पटक माछामासु खानुहुन्छ ?

क. एक पटक ख. दुइ पटक ग. तिन पटक घ. दिनदिने

३०.फलफुल एक हप्तामा कतिपटक खानु हुन्छ ?

क. सधै खान्छु ख. खाँदिन ग. कहिलेकाही खान्छु

३१.तपाइको कतिबर्षको उमेरमाविवाहभएको हो ?

क. १५ बर्ष ख. १८ बर्ष ग. २० बर्ष घ. २२ बर्ष ङ. २५ बर्ष

३२. विवाह गरेको कति समयपछि पहिलो सन्तानजन्माउनु भयो ?

क. १बर्ष ख. २ वर्ष ग. ३ बर्ष घ. ४ बर्ष

३३. तपाइले सुत्केरी कहाँ गराउनु भयो ?

क. घरमा ख. सुडेनीकाहाँ ग. अस्पतालमा

३४. तपाइले एक बच्चा पछी अर्कोबच्चाजन्माउने अन्तर कतिबर्ष राख्नु भयो ?

क. १बर्ष ख. २ बर्ष ग. ३ बर्ष घ. ५ वर्ष

३५. तपाइलाईप्रजननस्वास्थ्यभनेको थाहा छ ?

क. थाहा छ ख. थाहा छैन

**वृद्ध-वृद्धा सम्बन्धि**

३६. तपाइलाईकुनै किसिमको दीर्घरोग छ ?

क. छ ख. छैन

३७. तपाइले कतिमहिनाको अन्तरालमा स्वास्थ्य परिक्षण गराउनु हुन्छ ?

क. १महिना ख. ३ महिना ग. ६ महिना घ. गर्दिन

३८. तपाइलाईऔषधिउपचार गर्नमाकोभिड-१९ ले बाधापुर्याएको छ ?

क. छ ख. छैन

३९. कोभिड-१९ काकारण औषधिउपचारमा कस्तो समस्याभोग्नु भयो?

क. औषधि सकिएपछि समयमानपाउनु ख.आर्थिक समस्याले उपचार गर्न नसक्नु

ग. गन्तब्यसम्मपुग्न साधनको अभाव घ. सिफारिसको झन्झट

४०.तपाइलाई कोभिड-१९ ले गर्दा कतिको असर परेको छ ?

क. अलिकति ख. धेरै ग. खासै छैन

**आर्थिक अवस्था सम्बन्धि**

४१.तपाइ के कामगर्नुहुन्छ ?

क. नोकरी ख. कृषि ग. मजदुरी घ. ब्यापार

४२. तपाइमहिनामाकतिकमाउनु हुन्छ ?

क. रु.५०००-७००० सम्म ख. रु.७००० -१०००० सम्म ग. १०००० भन्दामाथि

४३. छोराछोरीहरुलाई पढाउन भ्याउनुहुन्छ ?

क. भ्याउछु ख. भ्याउदिन ग. मुस्किलले भ्याउछु

४४. अहिलेको कोभिड-१९ ले छोराछोरीको पढाइलाई कतिको प्रभावपारेको छ ?

क. अलिकति ख. धेरै ग. पारेको छैन

४५. यो समयमा छोराछोरीको ब्यबहारमा कस्तो परिवर्तन पाउनु भएको छ ?

क. पढ्न र भनेको नमान्ने ख. बरालिएर हिड्ने ग. मोबाइलमा गेम र कार्टुन बढी हेर्ने घ. इन्टरनेट र टिभी बढी हेर्ने

**समाजिकतथा संस्कृतिकअवस्था सम्बन्धि**

४६. तपाइको प्रमुखचाडपर्वकुनहो ?

क. दशैं ख. तिहार ग. माघेसंक्रान्ति घ. सिरुवा

४७. यस पटकको चाडपर्व कस्तो भयो ?

क. ठिकै भयो ख. रमाइलो भयोग. खिन्नभयो घ. खासै रमाइलो भएन

४८. कोभिड-१९ ले गर्दा तपाइको परिवारको कुनै सामाजिकतथा सांस्कृतिककार्यक्रम रोकिएको छ ? (जस्तै : विवाह,ब्रतवन्ध, दशहरा, सिरुवा, पुजापाठ)

क. छ ख. छैन

४९. तपाइको घरमापिउने पानीको श्रोत के हो?

क. कल ख. धारा ग. इनार